नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२।०८३

चलानी नं.: ३

मितिः २०८२।०४।२

विषयः स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ सार्वजनिक गरिएको।

श्री जिल्ला समन्वय समिति (सबै),
श्री नगरपालिका (सबै),
श्री गाउँपालिका (सबै),
श्री सरोकारवाला निकाय (सबै)।

सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्न स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक-सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि सहयोग र सहजीकरण गर्न हाल अभ्यासमा रहेका **'स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७', 'स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७' र 'स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९'** को एकिकरण तथा परिमार्जन गरी तयार भएको **'स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२'** आ. व. २०८२/०८३ देखि कार्यान्वयन हुने गरी सार्वजनिक गरिएको व्यहोरा यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८२/०४/०२ को निर्णयानुसार अनुरोध छ ।

२०८२।४।२

(दीपेश कट्टेल)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री सूचना प्रविधि शाखाः सबै जिल्ला समन्वय समिति, गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाइटमा समेत अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

# स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२

**प्रस्तावनाः** सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्न स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक-सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि सहयोग र सहजीकरण गर्नु वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो कार्यविधि तर्जुमा गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ " रहेको छ।

(२) यो कार्यविधि संवत् २०८२ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "अङ्कभार" भन्नाले अनुसूची- १ मा उल्लेख भए बमोजिमका उपसूचक र सूचकमा प्राप्त हुनसक्ने अधिकतम अङ्कलाई सम्झनुपर्छ। यस शब्दले मूल्याङ्कनका प्रत्येक उपक्षेत्र र क्षेत्रमा प्राप्त हुन सक्ने अधिकतम कूल अङ्क र हरेक स्थानीय तहले सबै सूचकको अङ्कको योगका आधारमा प्राप्त गर्न सक्ने अधिकतम कूल अङ्कलाई समेत बुझाउनेछ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका र नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "गाउँपालिका/नगरपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिभाषित गरेको गाउँपालिका तथा नगरपालिकालाई सम्झनुपर्छ। नगरपालिका शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई बुझाउँछ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) “प्रणाली” भन्नाले दफा ५ बमोजिमको सूचना प्रविधिमा आधारित "स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली" लाई सम्झनुपर्छ।

(च) “प्रतिवेदन” भन्नाले मूल्याङ्कनबाट प्राप्त नतिजालाई सम्प्रेषण गर्नका लागि तोकिएको ढाँचा बमोजिम तयार गरिएको विवरणलाई सम्झनुपर्छ। सो शब्दले खण्ड (ङ) बमोजिमको प्रणालीबाट सिर्जित प्रतिवेदनलाई समेत बुझाउनेछ।

(छ) “मन्त्रालय” भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई बुझाउनेछ।

(ज) “मूल्याङ्कन” भन्नाले यस कार्यविधि बमोजिम गाउँपालिका तथा नगरपालिकाले गर्ने स्वःमूल्याङ्कन, सो उपर जिल्ला समन्वय समितिले प्रदान गर्ने पृष्ठपोषण एवं मन्त्रालयले गर्ने गुणस्तर परीक्षण समेतलाई सम्झनुपर्छ।

(झ) “शाखा” भन्नाले स्थानीय तहमा रहेका सम्बन्धित विभाग, महाशाखा, शाखा वा इकाइ समेतलाई सम्झनुपर्छ।

(ञ) "सम्पर्क शाखा" भन्नाले दफा १४ को उपदफा (४) बमोजिम तोकिएको शाखालाई सम्झनुपर्छ।

(ट) “सूचक” भन्नाले अनुसूची- १ मा उल्लेख भएका सूचकहरुलाई सम्झनुपर्छ।

## परिच्छेद- २
## मूल्याङ्कनका विषयक्षेत्र र सूचकहरू

**३. मूल्याङ्कनका विषयक्षेत्र र उपक्षेत्रः** यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनका विषयक्षेत्र तथा उपक्षेत्रहरू देहाय बमोजिम हुनेछन्:

| विषयक्षेत्र | उपक्षेत्र |
|---|---|
| १. सुशासन तथा संस्थागत विकास | १.१ योजना तथा बजेट<br>१.२ पारदर्शिता र उत्तरदायित्व<br>१.३ शासकीय प्रबन्ध<br>१.४ सेवा प्रवाह<br>१.५ सार्वजनिक वित्त व्यवस्थापन<br>१.६ समन्वय र सहकार्य |
| २. सामाजिक विकास | २.१ खानेपानी तथा सरसफाइ<br>२.२ शिक्षा<br>२.३ आधारभूत स्वास्थ्य<br>२.४ सामाजिक समावेशीकरण र संरक्षण<br>२.५ विवाद निरुपण तथा मेलमिलाप |
| ३. आर्थिक विकास | ३.१ कृषि, पशु तथा सहकारी<br>३.२ भूमि तथा सिँचाइ<br>३.३ स्थानीय आर्थिक विकास<br>३.४ उद्यमशीलता र रोजगारी |
| ४. पूर्वाधार विकास | ४.१ स्थानीय सडक<br>४.२ भवन तथा अन्य सामाजिक पूर्वाधार<br>४.३ पूर्वाधार उपयोगिता र दिगोपना |
| ५. वन, वातावरण तथा विपद् व्यवस्थापन | ५.१ वातावरण संरक्षण<br>५.२ विपद् व्यवस्थापन |

**४. मूल्याङ्कनका सूचकः** मूल्याङ्कन प्रयोजनका लागि दफा ३ बमोजिमका क्षेत्र र उपक्षेत्र अन्तर्गत अनुसूची-१ बमोजिमका एकसय वटा सूचक र हरेक सूचक अन्तर्गत दुईवटा मापनयोग्य उप-सूचक रहनेछन्।

## परिच्छेद-३
## मूल्याङ्कनको विधि तथा प्रक्रिया

**५. सूचना प्रविधिमा आधारित प्रणालीको प्रयोग गर्नुपर्नेः** (१) मन्त्रालयले मूल्याङ्कनका लागि सूचना प्रविधिमा आधारित स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) को विकास गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रणालीको विकास गर्दा गाउँपालिका/नगरपालिका, जिल्ला समन्वय समिति र मन्त्रालयबीच सूचना तथा तथ्याङ्कको स्वतः साझेदारी हुने गरी र समग्र मूल्याङ्कनको एकीकृत, विषयक्षेत्रगत एवं आवश्यकतानुसार अन्य विषयको अलग-अलग प्रतिवेदन तयार गर्न सकिने गरी गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रणालीको व्यवस्थापन तथा सञ्चालन मन्त्रालयले गर्नेछ। यस्तो प्रणाली उपयोगका लागि गाउँपालिका /नगरपालिका, जिल्ला समन्वय समितिलाई उपलब्ध गराईनेछ ।

(४) उपदफा (१) बमोजिमको प्रणाली उपयोगका लागि प्रदेश सरकारबाट माग भएमा सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराउन सकिनेछ।

(५) गाउँपालिका/नगरपालिका, जिल्ला समन्वय समिति र मन्त्रालयले क्रमशः स्वःमूल्याङ्कन, पृष्ठपोषण र गुणस्तर परीक्षण गर्दा उपदफा (१) बमोजिमको प्रणालीमार्फत गर्नुपर्नेछ।

**६. कार्यसम्पादनको स्वःमूल्याङ्कनः** (१) प्रत्येक गाउँपालिका/नगरपालिकाले देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो कार्यसम्पादनको स्वःमूल्याङ्कन गर्नुपर्नेछ;

(क) सम्बन्धित विषयगत शाखाले आफ्नो जिम्मेवारीमा पर्ने सूचकको प्रगतिसँग सम्बन्धित तथ्य, तथ्याङ्क र प्रमाणको अद्यावधिक अभिलेख राख्ने र हरेक सूचकसँग सम्बन्धित कार्य सम्पन्न भएको बढीमा तीस दिन भित्र सो बापतको अङ्क र पुष्ट्याईका आधार तथा प्रमाण सहितको विवरण प्रणालीमा प्रविष्टि गर्ने,

(ख) सम्पर्क शाखाले खण्ड (क) बमोजिम प्रविष्ट विवरणको रुजु गरी सम्बन्धित विषयगत शाखासँगको समन्वयमा आवश्यक संशोधनसहित सबै सूचकहरुको समग्र प्रगति प्रणालीमा

अद्यावधिक गरी राख्ने र भाद्र १५ गतेभित्र प्रणालीबाट एकीकृत प्रारम्भिक प्रतिवेदन सिर्जना गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

(ग) प्रमुख प्रशासकीय अधिकृतले सम्पर्क शाखाबाट प्राप्त एकीकृत प्रारम्भिक प्रतिवेदन उपर स्वःमूल्याङ्कन समन्वय समितिको बैठकमा छलफल गराई आवश्यक संशोधन सहित अध्यक्ष/प्रमुखसँगको समन्वयमा कार्यपालिकामा पेश गर्ने,

(घ) स्वःमूल्याङ्कन समन्वय समितिले खण्ड (ग) बमोजिम प्रतिवेदनमा संशोधन गर्ने क्रममा सम्बन्धित विषयगत शाखासँग आवश्यक छलफल तथा समन्वय गर्ने,

(ङ) अध्यक्ष/प्रमुखले स्वःमूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन उपर सम्बन्धित विषयक्षेत्रको सूचकको प्रारम्भिक नतिजाका सम्बन्धमा कार्यपालिकाका सम्बन्धित विषयगत समितिमा छलफलका लागि पठाउने,

(च) विषयगत समितिले खण्ड (ङ) बमोजिम प्राप्त प्रारम्भिक नतिजा उपर छलफल गरी पृष्ठपोषण सहित कार्यपालिकामा पेश गर्ने,

(छ) कार्यपालिकाले विषयगत समितिबाट प्राप्त पृष्ठपोषण समेतका आधारमा प्रारम्भिक नतिजामा आवश्यक संसोधन गरी भाद्र मसान्तभित्र प्रमुख प्रशासकीय अधिकृतमार्फत पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने,

(ज) जिल्ला समन्वय समितिका प्रमुखसँगको समन्वयमा जिल्ला समन्वय अधिकारीले स्वःमूल्याङ्कनको प्रारम्भिक नतिजाको प्रविष्ट प्रमाण कागजात समेतका आधारमा अध्ययन गरी असोज १५ गतेभित्र सम्बन्धित गाउँपालिका/नगरपालिकालाई पृष्ठपोषण उपलब्ध गराउने,

(झ) कार्यपालिकाले जिल्ला समन्वय समितिको पृष्ठपोषण समेतको आधारमा सूचकगत अङ्क र सोको पुष्ट्याईका प्रमाण तथा कागजातको अध्ययन तथा विश्लेषण गरी स्वःमूल्याङ्कन नतिजालाई अन्तिम रुप दिई निर्णयसहित असोज मसान्तभित्र मन्त्रालयमा पठाउने,

(ञ) मन्त्रालयले प्राप्त स्वःमूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण सम्पन्न गरी कायम भएको नतिजा गाउँपालिका/नगरपालिकालाई सात दिनको म्याद दिई सुधारका लागि उपलब्ध गराउने,

(ट) मन्त्रालयले तोकिएको समयसीमाभित्र गाउँपालिका/नगरपालिकाबाट प्राप्त भएका सुधारका दाबीहरुको अध्ययन गरी आवश्यक संशोधनसहितको मूल्याङ्कनको अन्तिम नतिजा पौष मसान्तभित्र सार्वजनिक गर्ने,

(ठ) गाउँपालिका/नगरपालिकाले मन्त्रालयबाट सार्वजनिक भएको मूल्याङ्कनको अन्तिम नतिजा छलफलका लागि सभामा पेश गर्ने,

(ड) सभाले मूल्याङ्कन नतिजा उपर छलफल गरी आगामी दिनमा गर्नुपर्ने सुधारका सम्बन्धमा आवश्यक निर्देशनसहित कार्यान्वयनका लागि गाउँपालिका/नगरपालिकामा पठाउने,

(ढ) गाउँपालिका/नगरपालिकाले सभाको निर्देशन समेतका आधारमा सुधारको उपयुक्त कार्ययोजना बनाई कार्यान्वयन गर्ने।

**७. पुष्ट्याईंका आधारको प्रमाणीकरणः** (१) प्रणालीमा प्रविष्टि गरिएका अनुसूची- १ बमोजिमका पुष्ट्याईंका आधारहरूमध्ये आधिकारिक प्रकाशित दस्तावेज वा सो को अंश बाहेकका विवरण तथा कागजातहरु सम्बन्धित शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरेको हुनुपर्नेछ ।

(२) अनुसूची-१ बमोजिम प्रमाणित गरी प्रविष्ट गरिएका विवरण तथा प्रमाण कागजात गुणस्तर परीक्षणका क्रममा रुजु गर्दा अन्यथा पाइएमा सोको कानूनी जवाफदेहिता सिफारिस गर्ने र प्रमाणित गर्ने पदाधिकारीको हुनेछ।

**८. मूल्याङ्कनको अङ्क गणना विधिः** (१) हरेक सूचकको अङ्कभार १ (एक) हुनेगरी मूल्याङ्कनको पूर्णाङ्क १०० (एक सय) हुनेछ।

(२) प्रत्येक सूचकको उपसूचकगत अङ्कभार विभाजन अनुसूची-१ बमोजिम हुनेछ र उपसूचक अन्तर्गतका मूल्याङ्कनका विषय एकभन्दा बढी भएमा त्यस्ता विषयको गहनताको आधारमा अङ्कभार विभाजन गर्न सकिनेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) प्रत्येक सूचकको प्राप्ताङ्क सो अन्तर्गतका उपसूचकको प्राप्ताङ्कको योगबाट निर्धारण हुनेछ।

(४) प्रत्येक उपसूचकको प्राप्ताङ्क उक्त उपसूचकको लक्ष्यको तुलनामा हासिल भएको नतिजाको अनुपातका आधारमा प्रणालीले स्वतः गणना गर्नेछ।

(५) मन्त्रालयले गुणस्तर परीक्षणका क्रममा प्रणालीमा पुष्ट्याँइका आधारका रुपमा प्रविष्टि भएका विवरण तथा प्रमाण कागजातको परीक्षण, अध्ययन तथा विश्लेषण गरी प्रत्येक उपसूचकको अन्तिम प्राप्ताङ्क कायम गर्नेछ।

**९. नतिजाको वर्गीकरण गरी सार्वजनिक गरिनेः** (१) मन्त्रालयले गाउँपालिका/नगरपालिकाको मूल्याङ्कनको अन्तिम नतिजालाई कूल प्राप्ताङ्क सहित देहाय बमोजिम वर्गीकरण गरी सार्वजनिक गर्नेछः

(क) ९० वा सो भन्दा बढी अङ्कको लागि "सर्वोत्कृष्ट",

(ख) ७५ वा सो भन्दा बढी र ९० भन्दा कम अङ्कको लागि "उत्कृष्ट",

(ग) ५० वा सो भन्दा बढी र ७५ भन्दा कम अङ्कको लागि "मध्यम",

(घ) ३५ वा सो भन्दा बढी र ५० भन्दा कम अङ्कको लागि "कमजोर",

(ङ) ३५ भन्दा कम अङ्कको लागि "अति कमजोर"।

(२) यस कार्यविधिको दफा २२ बमोजिमका अनिवार्य पूरा गर्नुपर्ने विषय पूरा नगर्ने गाउँपालिका/नगरपालिकालाई उपदफा (१) बमोजिमको नतिजा समूहको वर्गीकरणमा समावेश गरिने छैन।

(३) उपदफा (२) बमोजिम नतिजा समूहको वर्गीकरणमा समावेश नभएका गाउँपालिका/नगरपालिकाको प्राप्ताङ्क सहितको छुट्टै सूची सार्वजनिक गरिनेछ।

## परिच्छेद - ४

## नतिजाको गुणस्तर व्यवस्थापन

**१०. नतिजाको गुणस्तर सुनिश्चितताको जिम्मेवारीः** (१) स्वःमूल्याङ्कनका क्रममा वस्तुगत तथ्याङ्क तथा पुष्ट्याइँका आधारहरू प्रयोग गरी नतिजाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित गाउँपालिका/नगरपालिकाको हुनेछ।

(२) गाउँपालिका/नगरपालिकाबाट प्रविष्ट विवरणको अध्ययनका आधारमा आवश्यक पृष्ठपोषण उपलब्ध गराई स्वःमूल्याङ्कन नतिजाको गुणस्तर अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने दायित्व सम्बन्धित जिल्ला समन्वय समितिको हुनेछ।

(३) मूल्याङ्कनको समग्र प्रकृयामा गुणस्तर कायम गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ।

**११. नतिजाको गुणस्तर परीक्षणः** (१) मन्त्रालयले समग्र मूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चित गर्न स्वःमूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण गर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम गुणस्तर परीक्षण गर्दा देहायका मध्ये कुनै वा सबै विधिको प्रयोग गर्न सक्नेछः

(क) प्रणालीमा पुष्ट्याइँका आधारका रुपमा प्रविष्टि भएका कागजातको अध्ययन तथा विश्लेषण (डेस्क रिभ्यु),

(ख) स्थलगत अवलोकन,

(ग) सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया,

(घ) तथ्य, तथ्याङ्कको परीक्षण।

(३) मन्त्रालयले मूल्याङ्कनको अन्तिम प्राप्ताङ्क कायम गर्दा उपदफा (२) बमोजिमका विधिबाट स्वःमूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण गरी प्रत्येक उपसूचकको यथार्थपरक र वस्तुनिष्ठ रुपमा प्राप्ताङ्क निर्धारण भए नभएको यकिन गर्नेछ।

(४) उपदफा (३) बमोजिम कायम भएको अन्तिम प्राप्ताङ्क स्वःमूल्याङ्कनको प्राप्ताङ्कको तुलनामा घटी वा बढी हुने भएमा सोको आधार र कारण उल्लेख गर्नुपर्नेछ।

## परिच्छेद - ५

## संस्थागत व्यवस्था

**१२. निर्देशक समितिः** (१) यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनको नीतिगत समन्वय गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः

| | |
|---|---|
| सचिव, मन्त्रालय | - संयोजक |
| सहसचिव, सङ्घीय मामिला महाशाखा, मन्त्रालय | - सदस्य |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| सहसचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | - सदस्य |
| सहसचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| उपसचिव, स्थानीय तह समन्वय शाखा, मन्त्रालय | - सदस्य सचिव |

(२) समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

क. मूल्याङ्कनको सम्बन्धमा नीतिगत मार्गदर्शन गर्ने,

ख. यो कार्यविधि र यसका आधार तथा मापदण्डहरुमा आवश्यकतानुसार परिमार्जन तथा सुधारका लागि सुझाव प्रदान गर्ने ।

(३) समितिको बैठक सञ्चालन प्रक्रिया र अन्य विषय समितिले निर्धारण गरेबमोजिम हुनेछन्।

**१३. सहजीकरण समितिः** (१) मूल्याङ्कन कार्यमा सहजीकरण र गुणस्तर परीक्षण गर्न मन्त्रालयमा देहाय बमोजिमको एक सहजीकरण समिति रहनेछः

| | |
|---|---|
| महाशाखा प्रमुख, सङ्घीय मामिला महाशाखा | - संयोजक |

| | |
|---|---|
| उपसचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | - सदस्य |
| शाखा प्रमुख, स्थानीय तह समन्वय शाखा | - सदस्य |
| शाखा प्रमुख, स्थानीय तह श्रोत परिचालन शाखा | - सदस्य |
| शाखा प्रमुख, सूचना प्रविधि शाखा | - सदस्य |
| राष्ट्रिय कार्यक्रम प्रबन्धक, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम | - सदस्य |
| शाखा अधिकृत, स्थानीय तह समन्वय शाखा | - सदस्य सचिव |

(२) समितिले आवश्यकतानुसार विषयगत मन्त्रालय/निकायका पदाधिकारी तथा सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) मूल्याङ्कन कार्यमा सहजीकरण गर्ने,

(ख) मूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण गर्ने/गराउने,

(ग) गुणस्तर परीक्षण पश्चात कायम भएको मूल्याङ्कनको अन्तिम नतिजा मन्त्रालयमा पेश गर्ने,

(घ) निर्देशक समितिले तोके बमोजिम मूल्याङ्कन सम्बन्धी अन्य कार्यहरू गर्ने।

(४) समितिको कार्यसञ्चालन सम्बन्धी व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**१४. स्वःमूल्याङ्कन समन्वय समितिः** (१) स्वःमूल्याङ्कनको कार्यका लागि गाउँपालिका/नगरपालिकामा देहाय बमोजिमको एक स्वःमूल्याङ्कन समन्वय समिति रहनेछः

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| सामाजिक विकास क्षेत्र हेर्ने शाखा प्रमुख | - सदस्य |
| आर्थिक विकास क्षेत्र हेर्ने शाखा प्रमुख | - सदस्य |
| पूर्वाधार विकास क्षेत्र हेर्ने शाखा प्रमुख | - सदस्य |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

वन तथा वातावरण क्षेत्र हेर्ने शाखा प्रमुख - सदस्य

योजना हेर्ने शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले प्राविधिक सहयोगका लागि सम्बन्धित विषयक्षेत्र हेर्ने कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) स्वःमूल्याङ्कन कार्यको प्रगतिका सम्बन्धमा छलफल गरी आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ख) स्वःमूल्याङ्कन कार्य सम्पन्न गर्न सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने,

(ग) मूल्याङ्कनको अन्तिम नतिजा र प्राप्त पृष्ठपोषणका आधारमा सुधारको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने, गराउने।

(४) गाउँपालिका/नगरपालिकाले स्वःमूल्याङ्कनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन योजना हेर्ने शाखालाई सम्पर्क शाखाका रुपमा कार्य गर्न जिम्मेवारी तोक्नु पर्नेछ ।

# परिच्छेद ६
# निकायगत जिम्मेवारी

**१५. गाउँपालिका/नगरपालिकाको जिम्मेवारीः** (१) यस कार्यविधिमा अन्यत्र तोकिएको बाहेक गाउँपालिका/नगरपालिकाको जिम्मेवारी देहाय अनुसार हुनेछः

(क) जनप्रतिनिधि र कर्मचारीहरूलाई स्वःमूल्याङ्कनको उद्देश्य, विधि, प्रकृया, सूचक, सूचक प्राप्तिका लागि सम्पादन गर्नुपर्ने कार्य र सोको जिम्मेवारी, मूल्याङ्कनमा प्रयोग हुने सूचना प्रविधिमा आधारित प्रणाली लगायत समग्र विषयमा जानकारी गराउने,

(ख) विषयक्षेत्रगत सूचकको स्वःमूल्याङ्कन कार्यका लागि सम्बन्धित विषयगत समिति, स्वःमूल्याङ्कन समन्वय समिति र शाखालाई जिम्मेवारी प्रदान गर्ने,

(ग) कार्यविधि बमोजिम स्वःमूल्याङ्कनको कार्य सम्पन्न गर्ने, गराउने,

(घ) मूल्याङ्कन नतिजाको आधारमा पहिचान भएका सुधार गर्नुपर्ने क्षेत्रहरूमा स्रोत विनियोजन गर्ने एवम् क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

(ङ) मन्त्रालय र जिल्ला समन्वय समितिले माग गरे बमोजिम स्वःमूल्याङ्कनसँग सम्बन्धित सूचना र कागजात उपलब्ध गराउने,

(च) मूल्याङ्कन प्रणालीमा सुधार गर्ने सम्बन्धमा मन्त्रालयलाई सुझाव उपलब्ध गराउने।

**१६. जिल्ला समन्वय समितिको जिम्मेवारीः** (१) यस कार्यविधिमा अन्यत्र तोकिएको बाहेक जिल्ला समन्वय समितिको जिम्मेवारी देहाय अनुसार हुनेछः

(क) मूल्याङ्कनको अन्तिम नतिजाको आधारमा जिल्लाभित्रका गाउँपालिका/नगरपालिकासँग आवश्यक सुधारका लागि अन्तरक्रिया, छलफल गरी पृष्ठपोषण प्रदान गर्ने,

(ख) मूल्याङ्कन नतिजाका आधारमा गाउँपालिका/नगरपालिकाको क्षमता विकासको लागि आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) गुणस्तर परीक्षणको लागि गाउँपालिका/नगरपालिकासँग समन्वय गरी मन्त्रालयलाई आवश्यक सहयोग गर्ने।

१७. **प्रदेश सरकारको जिम्मेवारीः** (१) यस कार्यविधिमा अन्यत्र तोकिएको बाहेक प्रदेश सरकारको जिम्मेवारी देहाय अनुसार हुनेछः

क) मूल्याङ्कनको नतिजाको आधारमा प्रदेश भित्रका गाउँपालिका/नगरपालिका र जिल्ला समन्वय समितिको आवश्यकतानुसार क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

ख) गाउँपालिका/नगरपालिकालाई उपलब्ध गराउने अनुदानलाई मूल्याङ्कनको नतिजासँग क्रमशः आबद्ध गर्दै लैजाने,

ग) मूल्याङ्कनको कार्यमा प्रदेश भित्रका गाउँपालिका /नगरपालिकालाई आवश्यकतानुसार समन्वय र सहयोग गर्ने ।

१८. **मन्त्रालयको जिम्मेवारीः** (१) यस कार्यविधिमा अन्यत्र तोकिएको बाहेक मन्त्रालयको जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) मूल्याङ्कनका लागि आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

(ख) मूल्याङ्कन प्रणाली व्यवस्थापन तथा सञ्चालन, गुणस्तर परीक्षण एवम् अभिलेखको संरक्षण तथा सुरक्षण सम्बन्धी म्यानुअल तथा स्रोत सामग्री तयार गर्ने,

(ग) मूल्याङ्कनका विधि, प्रक्रिया र प्रणालीको सञ्चालन सम्बन्धमा गाउँपालिका/नगरपालिका र जिल्ला समन्वय समितिलाई अभिमुखीकरण गर्ने,

(घ) मूल्याङ्कनमा प्रयोग हुने प्रणाली र सोमा संग्रहित अभिलेखको संरक्षण र सुरक्षा गर्ने,

(ङ) गाउँपालिका/नगरपालिका एवम् जिल्ला समन्वय समितिको माग र आवश्यकताको आधारमा स्वःमूल्याङ्कन कार्यमा स्थलगत सहयोग र सहजीकरण गर्ने,

(च) गुणस्तर परीक्षण र सो क्रममा तथ्यहरुको यकीन गर्न एवम् थप स्पष्ट हुनुपर्ने विषयका सम्बन्धमा स्थलगत अध्ययन, अवलोकन र अन्तरक्रिया गर्ने,

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(छ) मूल्याङ्कनको नतिजाका आधारमा आवश्यक देखिएका गाउँपालिका/नगरपालिकामा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।

(२) मन्त्रालयले मूल्याङ्कनको नतिजामा आधारित भई आवश्यकतानुसार जिल्लागत वा प्रदेशगत रूपमा गाउँपालिका र नगरपालिकाको एकीकृत वा छुट्टाछुट्टै समीक्षा गरी असल अभ्यासको आदानप्रदान र पृष्ठपोषण प्रदान गर्न सक्नेछ।

## परिच्छेद ७

## विविध

**१९. नमूना स्थानीय तह घोषणा गरिने:** (१) मन्त्रालयले कार्यसम्पादन मूल्याङ्कनको अन्तिम नतिजाको आधारमा देशभरीमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने पाँचवटा गाउँपालिका र पाँचवटा नगरपालिकालाई मूल्याङ्कन वर्षको नमूना गाउँपालिका तथा नगरपालिका घोषणा गर्नेछ।

(२) मन्त्रालयले प्रत्येक प्रदेशबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीनवटा गाउँपालिका र तीनवटा नगरपालिका र प्रत्येक जिल्लाबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने एउटा गाउँपालिका र एउटा नगरपालिकाको कूल प्राप्ताङ्क सहितको सूची समेत सार्वजनिक गरी सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई र सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिमका गाउँपालिका/नगरपालिकालाई सम्बन्धित प्रदेशले प्रदेशभित्रका र जिल्ला समन्वय समितिले जिल्लाभित्रका मूल्याङ्कन वर्षको नमूना गाउँपालिका/नगरपालिका घोषणा गर्न सक्नेछन्।

**२०. नतिजाको आधारमा पुरस्कृत गर्न सक्ने:** (१) दफा ९ बमोजिम सर्वोत्कृष्ट नतिजा समूहमा परेका र दफा १९ को उपदफा (१) बमोजिम मूल्याङ्कन वर्षको नमूना घोषणा भएका प्रत्येक गाउँपालिका र नगरपालिकालाई मन्त्रालयले कदरपत्र प्रदान गर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम कदरपत्र प्राप्त गर्ने सर्वोत्कृष्ट नतिजा समूहमा परेका र नमूना घोषणा भएका गाउँपालिका/नगरपालिकालाई मापदण्ड बनाई पुरस्कार प्रदान गर्न सक्नेछ।

(३) प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र जिल्ला समन्वय समितिले दफा १९ को उपदफा (३) बमोजिम घोषणा भएका प्रदेश र जिल्ला भित्रका मूल्याङ्कन वर्षको नमूना गाउँपालिका/नगरपालिकालाई मापदण्ड बनाई कदरपत्र र पुरस्कार प्रदान गर्न सक्नेछन्।

**२१. अनुदानसँग आबद्ध गर्न सकिनेः** यस कार्यविधि बमोजिम गरिएको मूल्याङ्कन नतिजालाई गाउँपालिका/नगरपालिकामा हस्तान्तरण गरिने अनुदानसँग आबद्ध गर्न सकिनेछ।

**२२. अनिवार्य पूरा गर्नुपर्नेः** यस कार्यविधि बमोजिम मूल्याङ्कन वर्षको नमूना गाउँपालिका/नगरपालिका, कदरपत्र तथा पुरस्कार र अनुदान प्राप्तिका लागि योग्य हुन गाउँपालिका/नगरपालिकाले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम असार १० गते भित्र सभामा पेश गरी असार मसान्त भित्र पारित गरेको र मूल्याङ्कन वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षण गराएको हुनुपर्नेछ ।

**२३. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**२४. खारेजी र बचाउः** (१) स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन कार्यविधि, २०७७; स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लेख भएका कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(कार्यविधिको दफा ३ र ४ सँग सम्बन्धित)

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS) का सूचकहरु

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| १. सुशासन तथा संस्थागत विकास | १.१. योजना तथा बजेट व्यवस्थापन | १.१.१. योजना र बजेट बीचको तादात्म्यता | क. वार्षिक बजेटमा समावेश भएका आयोजना/कार्यक्रमको स्वीकृत दीर्घकालीन र/वा विषयक्षेत्रगत योजनाले निर्धारण गरेका स्थानीय विकासका प्राथमिकताका क्षेत्र अनुसार सांकेतीकरण गरेको | ०.६ | क. स्वीकृत दीर्घकालीन र/वा विषयक्षेत्रगत योजनामा स्थानीय विकासका प्राथमिकताका क्षेत्र निर्धारण गरिएको पानाको छायाँप्रति<br>ख. आयोजना/कार्यक्रमको स्थानीय प्राथमिकताका क्षेत्र अनुसार सांकेतीकरण गरिएको खुल्ने वार्षिक बजेट तथा कार्यक्रमको प्रति |
| | | | ख. आयोजना छनौटको स्वीकृत मापदण्ड बमोजिम छनौट र प्राथमिकीकरण गरेका आयोजना/कार्यक्रममा मात्र बजेट विनियोजन गरेको | ०.४ | मापदण्ड बमोजिम छनौट र प्राथमिकीकरण गरी कार्यपालिकाबाट स्वीकृत आयोजना/कार्यक्रमको विवरण र वार्षिक बजेट तथा कार्यक्रमको प्रति |
| | | १.१.२. मध्यमकालीन खर्च संरचना र दीगो विकास लक्ष्य साङ्केतीकरण | क. मध्यमकालीन खर्च संरचनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयार भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा ६) | ०.६ | मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको प्रति |
| | | | ख. आयोजना/कार्यक्रमको दिगो विकास लक्ष्य साङ्केतीकरण गरिएको | ०.४ | आयोजना कार्यक्रमको दिगो विकास लक्ष्य साङ्केतीकरण गरिएको खुल्ने वार्षिक बजेट तथा कार्यक्रमको कुनै एक पानाको छायाँप्रति |
| | | १.१.३. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा | क. आयको प्रक्षेपणसहित स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारित बजेट सीमा भित्र वार्षिक बजेट तथा कार्यक्रम तयार भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ र ६७) | ०.६ | क. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आय प्रक्षेपण र बजेट सीमा निर्धारण गरेको निर्णय<br>ख. वार्षिक बजेट तथा कार्यक्रमको वियषक्षेत्रगत बजेट बाँडफाँटको सारसंक्षेपको प्रति |
| | | | ख. सरोकारवालाको सहभागितामा बस्तीस्तरीय भेलाबाट प्राथमिकताक्रम सहित आयोजना/कार्यक्रमको माग संकलन भएको (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८) | ०.४ | क. बस्तीस्तरीय योजना तर्जुमा भेलामा सरोकारवालाको उपस्थितिको प्रति<br>ख. बस्तीस्तरीय योजना तर्जुमा भेलामा माग भएका आयोजना/कार्यक्रमको संख्यात्मक विवरण |
| | | १.१.४. राजस्व र व्यय (वार्षिक बजेट) को स्वीकृति | क. आगामी आ.व. को राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गरी असार १० गते भित्र सभामा पेश भएको [स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (१)] | ०.६ | आगामी आ. व. को राजस्व र व्यय (बजेट) असार १० गते भित्र सभामा पेश भएको निर्णयको प्रति |
| | | | ख. पेश भएको राजस्व र व्यय (बजेट) को अनुमान उपर सभामा छलफल पश्चात असार मसान्त भित्र पारित गरी सार्वजनिक गरेको [स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (६)] | ०.४ | सभाबाट पारित भएको निर्णय र वार्षिक बजेट तथा कार्यक्रमको प्रति |
| | | १.१.५. बजेट विनियोजन दक्षता | क. वार्षिक बजेट तथा कार्यक्रममा आयोजनागत रूपमा बजेट बाँडफाँट गरी कुनै शीर्षकमा अवण्डा नराखिएको (कानून बमोजिम तोकिएका कोषमा बाहेक) | ०.६ | अवण्डा नराखी बजेट बाँडफाँट गरिएको व्यहोरा खुल्ने लिखत |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्टयाईंको आधार |
|---|---|---|---|---|---|
| | | | ख. आन्तरिक आय र राजस्व बाँडफाँटको रकममा नबढ्ने गरी प्रशासनिक खर्च विनियोजन गरिएको [अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २१ (४)] | | आन्तरिक आय (समानीकरणको अ.ल्या.बाहेक) एवम् राजस्व बाँडफाँटबाट प्राप्त आयको कूल रकम र प्रशासनिक खर्चको लागि विनियोजित कूल बजेटको तुलनात्मक विवरण |
| | | १.१.६. बजेट खर्चमा अनुशासन | क. आयोजना/कार्यक्रमको वार्षिक कार्यान्वयन कार्ययोजना र खरिद योजना/गुरुयोजना श्रावण महिनाभित्र स्वीकृत गरेको | ०.६ | आयोजना/कार्यक्रमको स्वीकृत वार्षिक कार्यान्वयन कार्ययोजना र खरिद गुरुयोजनाको प्रति |
| | | | ख. तोकिएको सीमा र शीर्षक भित्र रही स्वीकृत कार्यक्रममा मात्र रकमान्तर गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९) | ०.४ | रकमान्तर भएको शीर्षकको शुरु विनियोजन र रकमान्तर भई थपघट भएको बजेट सम्बन्धी तुलनात्मक विवरण |
| | | १.१.७. आयोजना कार्यान्वयनमा जनसहभागिता | क. उपभोक्ता समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको | ०.६ | उपभोक्ता समिति गठन तथा सञ्चालन कार्यविधि प्रकाशन गरिएको स्थानीय राजपत्र |
| | | | ख. सम्पन्न आयोजनाको कार्यपालिकाको बैठकबाट फरफारक गरी सोमध्ये उपभोक्ता समिति मार्फतसम्पन्न भएका पूर्वाधार आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको | ०.४ | क. कार्यपालिकाबाट फरफारक सम्बन्धमा भएको निर्णय र आयोजनाको विवरण<br>ख. उपभोक्ता समितिबाट सम्पन्न भएका पूर्वाधार आयोजना र तीमध्ये उपभोक्ता समितिलाई हस्तान्तरण गरिएका आयोजनाको प्रमाणित विवरण |
| | | १.१.८. आयोजनाको कार्यान्वयन प्रभावकारिता | क. आयोजना /कार्यक्रमको वार्षिक लक्ष्यको तुलनामा समष्टिगत भौतिक प्रगति प्रतिशत | ०.६ | आयोजना /कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदनको समग्र भौतिक प्रगति प्रतिशत खुल्ने विवरण |
| | | | ख. मूल्याङ्कन भएको आ.व. मा निर्माण सम्पन्न भएका आयोजनामध्ये सञ्चालनमा आएका आयोजनाको प्रतिशत | ०.४ | मूल्याङ्कन वर्षमा निर्माण सम्पन्न भएका र तीमध्ये सञ्चालनमा आएका आयोजनाको विवरण |
| | १.२. पारदर्शिता र उत्तरदायित्व | १.२.१. निर्णय सार्वजनीकरण | क. सभाबाट भएका निर्णयहरू ७ दिन भित्र वेबसाइटमार्फत सार्वजनिक गरेको | ०.६ | सभाको निर्णय अपलोड गरिएको वेबसाइटको लिङ्क |
| | | | ख. कार्यपालिकाबाट भएका निर्णयहरु ७२ घण्टाभित्र वेबसाइट मार्फत सार्वजनिक गरेको | ०.४ | कार्यपालिकाका निर्णय अपलोड गरिएको वेबसाइटको लिङ्क |
| | | १.२.२. सूचनामाथि नागरिक पहुँच | क. सूचना अधिकारी तोकी निजको तस्विर र सम्पर्क नं. सहितको विवरण वेबसाइटमा राखेको (सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ६) | ०.६ | वेबसाइटमा प्रकाशित सूचना अधिकारीको अद्यावधिक विवरण |
| | | | ख. नागरिकका सरोकारका सूचना तथा विवरण त्रैमासिक रुपमा अद्यावधिक गरी प्रकाशन गरेको (सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५) | ०.४ | हरेक त्रैमासिकमा सूचना तथा विवरण अद्यावधिक गरीएको वेबसाइटको लिङ्क |
| | | १.२.३. सार्वजनिक कामको नागरिक परीक्षण | क. सरोकारवालाको सहभागितामा तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८) | ०.६ | सहभागीहरुको उपस्थितिको सहितको सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदन |
| | | | ख. उपभोक्ता समितिमार्फत सम्पन्न भएका आयोजनाको अन्तिम भुक्तानी पूर्व सार्वजनिक परीक्षण गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८) | ०.४ | उपभोक्ता समितिबाट सम्पन्न भएका आयोजना र तिनको अन्तिम भूक्तानी पूर्व सार्वजनिक परीक्षण भएको संख्यात्मक विवरण |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| | | १.२.४. सेवाग्राही सन्तुष्टि | क. सेवाग्राही बहिर्गमन अभिमत संकलन (Exit Poll) वा सेवाग्राही पृष्ठपोषण संकलन वा सेवाग्राही सन्तुष्टि सर्भेक्षण गरी प्रतिवेदन सार्वजनिक गरेको | ०.६ | सेवाग्राही अभिमत वा पृष्ठपोषण वा सन्तुष्टि मापनको नतिजासहितको प्रतिवेदन वा सो प्रतिवेदनको सम्बन्धित अंशको छायाँ प्रति |
| | | | ख. कार्यालयमा दर्ता भएकामध्ये फछ्र्यौट भएका गुनासाको प्रतिशत [सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३१] | ०.४ | कार्यालयमा दर्ता भएका र तीमध्ये फछ्र्यौट भएका गुनासाहरुको प्रमाणित विवरण |
| | | १.२.५. प्रगति समीक्षा | क. राजस्व संकलन र बजेट तथा कार्यक्रम कार्यान्वयनको वित्तीय तथा भौतिक प्रगतिको त्रैमासिक समीक्षा प्रत्येक त्रैमास समाप्त भएको अर्को महिनाभित्र र वार्षिक समीक्षा अर्को वर्षको पहिलो त्रैमासभित्र सम्पन्न गरी वेबसाइट मार्फत प्रतिवेदन सार्वजनिक गरेको (सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) झ) | ०.६ | क. समीक्षा बैठकको मिति खुल्ने उपस्थिति र निर्णयको प्रति<br>ख. त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन |
| | | | ख. आयोजना तथा कार्यक्रमको वार्षिक समीक्षामा स्थानीय तहभित्र सञ्चालित गैर सरकारी संस्थाका कार्यक्रमको समेत प्रगति समीक्षा गरी प्रतिवेदनमा समावेश गरिएको | ०.४ | गैर सरकारी संस्थाका कार्यक्रमको प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको खण्डको छायाँ प्रति |
| | १.३. शासकीय प्रवन्ध | १.३.१. सभाको क्रियाशीलता | क. सभाको बैठक बस्ने मिति, समय, स्थान र कार्यसूची सहितको सूचना ७ दिन अगावै सभाका सबै सदस्यलाई पठाइएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९) | ०.६ | क. सभाको बैठकमा आमन्त्रण गरेको पत्र वा विद्युतीय माध्यमबाट प्रेषित गरेको भए सोको प्रमाण<br>ख. सभाको बैठकको उपस्थिति र निर्णयको प्रति |
| | | | ख. सभाको बैठकमा लेखा समिति, विधायन समिति र सुशासन समिति लगायतका सभाका समितिबाट पेश भएका प्रतिवेदन उपर छलफल भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२) | ०.४ | समितिबाट पेश भएका प्रतिवेदन सम्बन्धमा सभामा छलफल गरी गरिएका निर्णयको प्रति |
| | | १.३.२. कार्यपालिकाको क्रियाशीलता | क. स्वीकृत कार्यविभाजन नियमावली र कार्यसम्पादन नियमावली बमोजिम कम्तिमा महिनाको एकपटक कार्यपालिकाको बैठक बसेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७) | ०.६ | क. कार्यविभाजन नियमावली र कार्यसम्पादन नियमावलीको प्रति<br>ख. प्रत्येक महिनाको एउटा बैठकको उपस्थिति विवरण |
| | | | ख. स्वीकृत नियमावली बमोजिम गठन भएका कार्यपालिकाका विषयगत समितिबाट पेश भएका विषयमा कार्यपालिकामा छलफल गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४) | ०.४ | क. विषयगत समिति गठन तथा कार्यसञ्चालन सम्बन्धी स्वीकृत नियमावलीको प्रति<br>ख. समितिबाट पेश भएका प्रतिवेदन सम्बन्धमा कार्यपालिकामा छलफल गरी गरिएका निर्णयको प्रति |
| | | १.३.३. संगठन संचरना र व्यवस्थापन परीक्षण | क. स्वीकृत दरबन्दी तेरिज, संगठन संरचना र कार्यविवरण वेबसाइटमा राखेको र स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नरहेको | ०.६ | क. स्वीकृत संगठन संरचना, दरबन्दी तेरिज र कार्यविवरण अपलोड गरेको वेबसाइटको लिङ्क<br>ख. स्वीकृत दरबन्दी र कार्यरत कर्मचारीको विवरण खुल्ने तेरिज |
| | | | ख. तोकिएको ढाँचा र प्रक्रिया बमोजिम व्यवस्थापन परीक्षण गरी प्रतिवेदन उपर कार्यपालिका बैठकमा छलफल गरेको | ०.४ | क. व्यवस्थापन परिक्षण प्रतिवेदन<br>ख. प्रतिवेदन सम्बन्धमा कार्यपालिकामा भएको निर्णयको प्रति |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्टयाईंको आधार |
|---|---|---|---|---|---|
| | | १.३.४. संस्थागत क्षमता विकास | क. यस कार्यविधि बमोजिमको स्थानीय तहको कार्यसम्पादन स्वःमूल्याङ्कन सहजीकरण समितिको नियमित बैठक बसी तोकेका कार्य सम्पादन गरेको | ०.६ | बैठकको उपस्थिति र निर्णयको प्रति |
| | | | ख. कार्यसम्पादन मूल्याङ्कन नतिजाको आधारमा दीगो सुधारको समष्टिगत कार्ययोजना नतिजा प्रकाशन भएको दुई महिना भित्र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गरेको | ०.४ | कार्यपालिकाबाट स्वीकृत दीगो सुधारको समष्टिगत कार्ययोजनाको प्रति |
| | | १.३.५. पदाधिकारीको क्षमता विकास | क. तालिम तथा अभिमुखीकरण प्राप्त गरेका पदाधिकारीको प्रतिशत | ०.६ | क. वार्षिक लक्ष्यसहितको पदाधिकारीहरुको क्षमता विकास कार्ययोजना<br>ख. तालिम तथा अभिमुखीकरण कार्यक्रममा सहभागी भएका जनप्रतिनिधिको विवरण |
| | | | ख. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना /कार्यक्रम कार्यान्वयन गर्नुपूर्व अभिमुखीकरण प्राप्त गरेका उपभोक्ता समितिको प्रतिशत | ०.४ | गठन भएका उपभोक्ता समितिको विवरण र तीमध्ये अभिमुखीकरण गरिएका उपभोक्ता समितिको संख्यात्मक विवरण |
| | | १.३.६. कर्मचारीको क्षमता अभिवृद्धि तथा वृत्ति विकास | क. सेवाप्रवाहको लागि आवश्यक सीप र क्षमता अभिवृद्धिसँग सम्बन्धित तालिम प्राप्त गरेका कर्मचारीको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ङ) | ०.६ | कार्यरत कूल कर्मचारी संख्या र कम्तिमा ३ कार्यदिनको तालिम प्राप्त गरेका कर्मचारीको संख्यात्मक विवरण |
| | | | ख. कर्मचारीको सेवा निवृत्त सुविधा उपलब्ध गराउन आवश्यक स्रोतको व्यवस्था भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१) | ०.४ | सेवा निवृत्त सुविधाको लागि छुट्टै कोषको व्यवस्था गरेको वा तोकिएको अन्य कोषमा रकम जम्मा गरेको खुल्ने नीतिगत निर्णय वा अन्य प्रमाण |
| | | १.३.७. विद्युतीय सुशासन | क. सर्वसाधारण र नागरिकलाई प्रवाह गर्ने सेवा वा कार्यसम्पादन प्रणालीहरुमध्ये कम्तिमा तीनवटा सेवा प्रवाह/कार्यसम्पादन पूर्णरुपमा विद्युतीय माध्यमबाट गरेको | ०.६ | विद्युतीय माध्यमबाट प्रवाह भएका सेवा र कार्यसम्पादनमा प्रयोग गरिएका प्रणालीहरुको पुष्टि हुने प्रमाण सहितको विवरण (जस्तैः अनलाइन भुक्तानी, फोन पे, अनलाइन निवेदन/फाराम दर्ता, गाउँपालिका/नगरपालिको एप सञ्चालन, अनलाइन सिफारिस, अफिस अटोमेशन प्रणाली कार्यान्वयन, विद्युतीय अभिलेख प्रणालीको प्रयोग आदि) |
| | | | ख. गाउँ /नगरपालिकाको वेबसाइट नियमित रुपमा अद्यावधिक भएको | ०.४ | गाउँ /नगरपालिकाको अद्यावधिक वेबसाइटको लिङ्क |
| | | १.३.८. सार्वजनिक सम्पत्ति व्यवस्थापन | क. सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा आएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११) | ०.६ | सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को लिङ्क र सोबाट सिर्जित वार्षिक प्रतिवेदन |
| | | | ख. समयमै जिन्सी निरीक्षण गरी प्रतिवेदनमा औंल्याईएका लिलाम गर्नु पर्ने सामग्रीको नियमित लिलाम भएको | ०.४ | क. जिन्सी निरिक्षण प्रतिवेदन<br>ख. लिलाम विक्रीको सूचना |
| | | १.३.९. अनुगमन तथा मूल्याङ्कन | क. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी स्थानीय कानून स्वीकृत गरी आयोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि शाखा र पदाधिकारी तोकिएको [(अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० दफा १५ (२) र (६)] | ०.६ | क. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी स्थानीय कानून प्रकाशन भएको राजपत्रको प्रति<br>ख. अनुगमन तथा मूल्याङ्कनका लागि शाखा र पदाधिकारी तोकिएको पत्र |
| | | | ख. स्वीकृत अनुगमन तथा मूल्याङ्कन कार्ययोजना बमोजिम आयोजना/कार्यक्रमको स्थलगत प्राविधिक अनुगमन गरेको | ०.४ | क. स्वीकृत अनुगमन तथा मुल्यांकन कार्ययोजना<br>ख. प्राविधिक अनुगमनको लागि जिम्मेवारी तोकिएको पत्र र अनुगमन गरिएका आयोजनाको संख्यात्मक विवरण |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| | १.४. सार्वजनिक सेवा प्रवाह | १.४.१. व्यक्तिगत घटना दर्ता | मूल्याङ्कन वर्षका कुल व्यक्तिगत घटना दर्ताको तुलनामा घटना घटेको ३५ दिन भित्र अनलाइन प्रणालीमार्फत भएका व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइ सराइ) दर्ताको प्रतिशत (राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८) | ०.६ | ३५ दिनभित्र भएका व्यक्तिगत घटना दर्ताको प्रतिशत खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति वा कूल वार्षिक घटना दर्ता संख्या र ३५ दिनभित्र गरिएका घटना दर्ता संख्याको विवरण |
| | | | जनप्रतिनिधि, स्थानीय पञ्जीकाधिकारी, अन्य कर्मचारी तथा सरोकारवालाहरूको लागि व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम /अभिमुखीकरण सञ्चालन भएको | ०.४ | तालिम वा अभिमुखीकरणको स्वीकृत कार्यक्रम तालिका र उपस्थितिको प्रतिलिपि |
| | | १.४.२. सार्वजनिक सेवाको मापदण्ड | क. कार्यालयबाट प्रदान गरिने विषयक्षेत्रगत सेवाहरुको सेवा प्रवाह प्रक्रियाको कम्तिमा ५ वटा विषयक्षेत्रको मापदण्ड (SOP) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | ०.६ | विषयक्षेत्रगत सेवाहरुको सेवा प्रवाह प्रक्रियाको कार्यपालिकाबाट स्वीकृत मापदण्ड |
| | | | ख. सेवाग्राहीले सजिलै देख्न सक्ने गरी नागरिक बडापत्र राखिएको [सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ को दफा २५)] | ०.४ | कार्यालय परिसर र राखिएको स्थान देखिने नागरिक बडापत्रको तस्विर |
| | | १.४.३. सेवा प्रवाहको सुनिश्चितता | क. कर्मचारीको कार्य जिम्मेवारी बाँडफाट गरिएको र कुनै पदाधिकारी वा कर्मचारी अनुपस्थित हुँदा सेवा प्रवाहको वैकल्पिक प्रबन्ध गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६) | ०.६ | क. कर्मचारीको जिम्मेवारी बाँडफाँटको विवरण<br>ख. पदाधिकारी (वडाध्यक्ष) तथा कर्मचारी (शाखा प्रमुख र स्थानीय पञ्जीकाधिकारी) अनुपस्थित हुँदा अर्को पदाधिकारी वा कर्मचारीले हेर्ने गरी जिम्मेवारी तोकिएको प्रमाण |
| | | | ख. सेवा प्रवाहलाई सहज बनाउन घुम्ती सेवा वा संयुक्त सेवा (निजी, गैरसरकारी वा सामुदायिक क्षेत्रसँग वा अन्य स्थानीय तहसँग वा प्रदेश वा संघीय सरकारका निकायसँग) सञ्चालन भएको (सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २६) | ०.४ | घुम्ती सेवा वा संयुक्त सेवा सञ्चालनको प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति वा सञ्चालित सेवाको स्थान, संख्या र सेवा लिएका सेवाग्राहीको संख्या खुलाइएको केही तस्विरहरु सहितको विवरण |
| | | १.४.४. सेवाको प्रवाहको प्रभावकारिता | क. प्रमुख /अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखबीच कार्यसम्पादन सम्झौता भएको | ०.६ | अध्यक्ष /प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच भएको तथा प्रमुख प्रशासकीय अधिकृत र कुनै एक शाखा प्रमुखबीच भएको कार्यसम्पादन सम्झौताको १/१ प्रति |
| | | | ख. सेवाको प्रभावकारिता र गुणस्तर सुनिश्चत गर्न वडा कार्यालय, सेवा केन्द्रहरूको अनुगमन गरेको | ०.४ | सेवा प्रवाहको अनुगमन गरिएको स्थान, अनुगमनको संख्या र देखिएका समस्या सुधारका लागि चालिएका कदमहरु खुलाइएको अनुगमनको वार्षिक प्रतिवेदन |
| | | १.४.५. उपभोक्ता हित संरक्षण | क. स्थानीय बजार अनुगमन समिति गठन भई कियाशील रहेको (उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २८) | ०.६ | स्थानीय बजार अनुगमन समितिको कुनै एउटा बैठकको उपस्थिति तथा निर्णयको प्रति र बजार अनुगमनको वार्षिक प्रतिवेदन |
| | | | ख. स्थानीय बजार अनुगमन निर्देशिका/कार्यविधि निर्माण गरी उपभोक्ता हित संरक्षण तथा उपभोक्ता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरेको (उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६४) | ०.४ | क. स्वीकृत स्थानीय बजार अनुगमन निर्देशिका/कार्यविधि<br>ख. आफैंले वा निजी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा सञ्चालित उपभोक्ता हित संरक्षण तथा उपभोक्ता शिक्षा अभिवृद्धि कार्यक्रमको प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| | १.५. सार्वजनिक वित्त व्यवस्थापन | १.५.१. राजस्व नीति | क. स्थानीय राजस्व परामर्श समितिको सिफारिस समेतका आधारमा राजस्वका दर तथा दायरा निर्धारण गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५) | ०.६ | क. सिफारिसका लागि बसेको राजस्व परामर्श समितिको बैठकको उपस्थित सहितको निर्णयको प्रति<br>ख. राजस्व परामर्श समितिको राजस्वका दर तथा दायरा निर्धारण गरिएको प्रतिवेदन |
| | | | ख. आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४) | ०.४ | क्षेत्राधिकार बाहिर करारोपण नगरेको कार्यपालिकाको स्वघोषणा निर्णय |
| | | १.५.२. राजश्व संकलन | क. प्रक्षेपित वार्षिक लक्ष्यको तुलनामा संकलन भएको राजस्वको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१) | ०.६ | मूल्याङ्कन वर्षको प्रक्षेपित राजस्व र संकलन भएको यथार्थ राजस्वको अङ्क खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति |
| | | | ख. अघिल्लो आ.व. को तुलनामा मूल्याङ्कन गरिएको आ.व. मा वृद्धि भएको राजस्वको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८) (१० प्रतिशत वृद्धिलाई पूर्णाङ्क प्रदान गरिने) | ०.४ | अघिल्लो वर्ष र मूल्याङ्कन वर्षको राजस्व संकलन सम्बन्धी तुलनात्मक विवरणको प्रति |
| | | १.५.३. राजस्व दाखिला र बाँडफाँट | क. संकलन भएको राजस्व सोही दिन वा सोही दिन सम्भव नभए भोलिपल्ट तोकिएको बैंक खातामा दाखिला भएको (आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा २७) | ०.६ | हरेक त्रैमासिक अवधिको पहिलो महिनाको राजस्व संकलन र बैंक दाखिलाको विवरण |
| | | | ख. स्थानीय तहले प्रदेशलाई बाँडफाँट गर्नुपर्ने राजस्व मासिक रुपमा प्रदेश सञ्चित कोषमा उपलब्ध गराएको (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५) | ०.४ | राजस्व बाडफाँट गरी समयमै दाखिला गरेको खुल्ने प्रमाण |
| | | १.५.४. सार्वजनिक खरिद व्यवस्थापन | क. खरिद शाखा/एकाइ गठन भई सोही मार्फत खरिद कार्य भएको [(सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ (३)] | ०.६ | खरिद शाखा/एकाइ गठन भएको निर्णय |
| | | | ख. सार्वजनिक खरिद गर्दा प्रि-बिड बैठक (Pre-Bid Meeting) गर्ने गरेको र कानून बमोजिम इ-बिडिङ (E-Bidding) गर्नु पर्ने खरिद कार्यमा इ-बिडिङ प्रणाली अवलम्बन गरेको (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६) | ०.४ | क. प्रि-बिड बैठक (Pre-Bid Meeting) को माइन्युटको प्रति<br>ख. इ-बिडिङ (E-Bidding) गरिएका आयोजना/कार्यक्रमको विवरण |
| | | १.५.५. आन्तरिक नियन्त्रण प्रणाली | क. आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१) | ०.६ | स्वीकृत आन्तरिक नियन्त्रण कार्यविधिको प्रति |
| | | | ख. स्थानीय तहमा कानून बमोजिम स्थापित कोषको सञ्चालन स्वीकृत निर्देशिका/कार्यविधि बमोजिम भएको | ०.४ | स्थानीय तहमा रहेका कोषहरूको विवरण र उक्त कोषहरू सञ्चालन सम्बन्धी कार्यविधिको प्रति |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| | | १.५.६. स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) को प्रयोग | क. स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली (LLRMIS) मा स्थानीय तहभित्रका सबै करदाताको लगत सहितको विवरण अद्यावधिक गरी करदाता, सेवाग्राहीले तिर्नुपर्ने कर दस्तुर तथा सेवा शुल्क उक्त प्रणाली मार्फत संकलन भई स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा आबद्ध भएको (आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५) | ०.६ | क. स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली (LLRMIS) बाट तयार भएको करदाताको अद्यावधिक विवरण<br>ख. स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली (LLRMIS) र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) को आबद्धता खुल्ने प्रमाण |
| | | | ख. स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना /कार्यक्रमको खर्चको लेखाङ्कन स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मार्फत मात्र हुने गरेको (आर्थिक कार्यविधि र वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५) | ०.४ | स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट तयार भएको खर्चको प्रतिवेदन |
| | | १.५.७. लेखापालन | क. वित्तीय कारोबारको व्यवस्थित लेखा राखी असोज मसान्त भित्र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा हिसाब भिडान गरी एकिकृत वित्तीय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाएको (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५) | ०.६ | क. एकीकृत वित्तीय प्रतिवेदन<br>ख. वित्तीय प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाएको पत्रको छायाँ प्रति |
| | | | ख. धरौटीको अभिलेख अद्यावधिक गरी जफत गर्नुपर्ने धरौटी भएमा जफत गरी सदरस्याहा गरेको (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ७) | ०.४ | क. धरौटी अद्यावधिक गरिएको अभिलेखको छायाँ प्रति<br>ख. सदरस्याहा गरेको विवरण |
| | | १.५.८. आन्तरिक लेखापरीक्षण | क. त्रैमासिक रूपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोको प्रतिवेदन अध्यक्ष /प्रमुख समक्ष पेश भएको (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ (४) | ०.६ | अध्यक्ष /प्रमुख समक्ष पेश भएको त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन |
| | | | ख. आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौंट गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७) | ०.४ | आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत र तिनको फछ्र्यौंट भएको खुल्ने विवरण |
| | | १.५.९. अन्तिम लेखापरीक्षण | क. अघिल्लो आ.व. को अन्तिम लेखा परीक्षण गराई सोको प्रतिवेदन प्राप्त भएको मितिले एक महिना भित्र कार्यपालिकामा छलफल गरी वेबसाइटमार्फत सार्वजनिक गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७) | ०.६ | क. अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा कार्यपालिकामा भएको छलफल र निर्णयको छायाँ प्रति<br>ख. अन्तिम लेखा परीक्षणको प्रतिवेदन |
| | | | ख. मूल्याङ्कन हुने आ.व. भन्दा अघिल्लो आ.व. को अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा पेश भई लेखा समितिमा छलफल भएको [(लेखा परीक्षण ऐन, २०७५ को दफा २० (३)] | ०.४ | अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा पेश भएको र लेखा समितिमा छलफल भएको खुल्ने कागजात |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्टयाईंको आधार |
|---|---|---|---|---|---|
| | | १.५.१०. बेरुजु फछ्यौंट | क. अघिल्लो आ.व. को अन्तिम लेखापरीक्षणले औंल्याएको असुल उपर गर्नुपर्ने बेरुजु शून्य भएको (लेखा परीक्षण ऐन, २०७५ को दफा २२) | [illegible] | असुल उपर गर्नुपर्ने बेरुजु नभएको प्रमाण खुल्ने अन्तिम लेखापरीक्षण प्रतिवेदनको पानाको छायाँ प्रति |
| | | | ख. विगतदेखिको सञ्चित बेरुजु रकममध्ये मूल्याङ्कन वर्षमा फछ्यौंट भएको बेरुजुको प्रतिशत | ०.४ | विगतदेखिको कूल सञ्चित बेरुजु र मूल्याङ्कन वर्षमा बेरूजु सम्परीक्षणबाट फछ्यौंट भएको बेरुजुको अंक खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति |
| | | १.५.११. अनुदान व्यवस्थापन | क. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त समपुरक, ससर्त तथा विशेष अनुदानबाट सञ्चालन भएका आयोजना /कार्यक्रमको प्रगति विवरण आवधिक रुपमा सम्बन्धित निकायमा पेश गरेको | ०.६ | सम्बन्धित निकायमा पेश गरेको त्रैमासिक र वार्षिक प्रगति विवरणको प्रति |
| | | | ख. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान (समपुरक, ससर्त तथा विशेष) को खर्च नभई बाँकी रहेको रकम सोही आ.व. भित्र सम्बन्धित निकायमा फिर्ता गरेको | ०.४ | बाँकी रकम फिर्ता दाखिला गरेको भौचर/प्रमाणको छायाँप्रति |
| | १.६. समन्वय र सहकार्य | १.६.१. अन्तरस्थानीय तह साझेदारी | क. जिल्ला समन्वय समितिले जिल्ला भित्रका स्थानीय तहमा विकास निर्माण कार्यमा सन्तुलन कायम भए नभएको अनुगमन गरी दिएको प्रतिवेदनमा उल्लिखित सुझावका सम्बन्धमा कार्यपालिकामा छलफल गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२) | ०.६ | क. जिल्ला समन्वय समितिबाट प्राप्त अनुगमन प्रतिवेदन<br>ख. उक्त प्रतिवेदन उपर कार्यपालिका बैठकमा भएको छलफलको निर्णयको प्रति |
| | | | ख. अन्तर स्थानीय तह सहकार्य तथा साझेदारीको क्षेत्र पहिचान गरी साझेदारीमा आयोजना /कार्यक्रम कार्यान्वयन भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६) | ०.४ | क. सहकार्य तथा साझेदारीको क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गर्न छलफलका लागि बसेको बैठकको उपस्थिति सहितको निर्णयको प्रति<br>ख. साझेदारीका क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको भए सो बमोजिम सञ्चालन भएका आयोजना /कार्यक्रमको विवरण |
| | | १.६.२. अन्तरतह समन्वय | क. आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण तोकिएको समयावधि भित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरेको (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८) | ०.६ | सङ्घीय अर्थ मन्त्रालयमा प्रेशित गरेको विवरण र पत्रको प्रति |
| | | | ख. विषयगत क्षेत्रका पोर्टलमा विवरण अद्यावधिक भएको (N-WASH, IHMIS, EMIS र किसान सूचीकरण व्यवस्थापन प्रणाली) | ०.४ | पोर्टलबाटै सिर्जना गरी प्रिन्ट गरिएको प्रत्येक पोर्टलको कम्तिमा एक पेज विवरण वा पोर्टल अद्यावधिक गरिएको खुल्ने विवरण |
| | २.१. खानेपानी तथा सरसफाइ | २.१.१. खानेपानी सेवामा पहुँच | क. एक घर एक धारा सहित आधारभुत खानेपानी सेवा उपलब्ध भएको घरधुरीको प्रतिशत (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को दफा ७ र ८) | ०.६ | आधारभूत खानेपानी सेवा उपलब्ध भएका घरधुरीको प्रतिशत खुल्ने राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता (NWASH) प्रतिवेदनको पानाको छायाँ प्रति |
| | | | ख. स्वास्थ्य संस्था, विद्यालय लगायत सबै सार्वजनिक निकायमा आधारभूत तहको खानेपानी सेवा उपलब्ध भएको (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को दफा ७ र ८) | ०.४ | गाउँपालिका /नगरपालिकाभित्र रहेका कुल सार्वजनिक निकायको संख्या र खानेपानी सेवा उपलब्ध भएका सार्वजनिक निकायको विवरण |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|
| | | २.१.२. सरसफाइ सेवामा पहुँच | क. खानेपानी तथा सरसफाइ सम्बन्धी सङ्घीय तथा प्रादेशिक मापदण्डको आधारमा स्थानीय मापदण्ड स्वीकृत गरी कार्यान्वयन गरेको (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को परिच्छेद ७) | ०.६ | क. स्वीकृत स्थानीय खानेपानी तथा सरसफाइ मापदण्ड<br>ख. वार्षिक प्रगति प्रतिवेदनमा मापदण्ड कार्यान्वयनको प्रगति देखिने पानाको छायाँ प्रति |
| | | | ख. आधारभूत सरसफाइ सेवा उपलब्ध भएको घरधुरीको प्रतिशत (खानेपानी तथा सरसफाइ ऐन, २०७५ को दफा ७ र ८) | ०.४ | सरसफाइ सेवा उपलब्ध भएका घरधुरी प्रतिशत खुल्ने राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता (NWASH) प्रतिवेदनको सम्बन्धित पानाको छायाँ प्रति |
| | २.२ शिक्षा | २.२.१. जीवनोपयोगी व्यवहारिक शिक्षा | क. प्राविधिक शिक्षालय सञ्चालनमा रहेको वा कम्तिमा एक माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक विषयको प्रयोगात्मक शिक्षणको व्यवस्था भएको | ०.६ | प्राविधिक शिक्षालय वा प्राविधिक/व्यावसायिक विषयको अध्यापन हुने विद्यालयको विवरण |
| | | | ख. स्थानीय पाठ्यक्रम निर्माण गरी लागू भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज.) | ०.४ | क. स्वीकृत स्थानीय पाठ्यक्रमको प्रति<br>ख. स्थानीय पाठ्यक्रम लागू भएका विद्यालयको विवरण |
| | | २.२.२. विद्यालय भर्ना तथा टिकाउदर | क. ५ वर्ष पुगेका बालबालिकाको विद्यालय भर्ना दर | ०.६ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) प्रतिवेदनमा ५ वर्ष पुगेका बालबालिकाको भर्नादर खुल्ने विवरण |
| | | | ख. विद्यालयमा भर्ना भएकामध्ये आधारभूत तहको अध्ययन पूरा गर्ने बालबालिकाको प्रतिशत | ०.४ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) प्रतिवेदनमा आधारभूत तहको अध्ययन पुरा गर्ने बालबालिकाको प्रतिशत |
| | | २.२.३. शिक्षाको गुणस्तर र उपलब्धी | क. स्वीकृत मापदण्ड बमोजिमको गुणस्तरका आधारमा गाउँपालिका /नगरपालिकाभित्रका विद्यालयको स्तरीकरण गरी सार्वजनिक गरिएको | ०.६ | विद्यालयहरुको स्तरीकरण गरिएको निर्णयको छायाँ प्रति र स्तरीकृत विद्यालयहरुको विवरण |
| | | | ख. गाउँ /नगरपालिका भित्रका सामुदायिक विद्यालयबाट माध्यमिक तहको परीक्षामा सामेल भएका विद्यार्थीको उत्तीर्ण प्रतिशत | ०.४ | उत्तीर्ण प्रतिशत खुल्ने एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) प्रतिवेदनको सम्बन्धित पानाको छायाँप्रति |
| | २.३ आधारभूत स्वास्थ्य | २.३.१. स्वास्थ्य सेवामा पहुँच | क. आधा घण्टाको पैदल दुरीभित्र स्वास्थ्य सेवाको पहुँच भएका घरपरिवारको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (झ) र दीगो विकास लक्ष्य) | ०.६ | क. वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति<br>ख. घुम्ती सेवामार्फत सेवा प्रवाह भएको भए सोको विवरण |
| | | | ख. गरिब लक्षित स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरेको (स्वास्थ्य बिमा ऐन, २०७४) | ०.४ | क. गरिब लक्षित स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि<br>ख. वार्षिक प्रगति प्रतिवेदनमा स्वास्थ्य बीमा कार्यक्रमको प्रगति खुल्ने पानाको छायाँप्रति |
| | | २.३.२. सुरक्षित मातृत्व | क. स्वास्थ्य प्रोटोकल अनुसार पूर्व प्रसूति जाँच (ANC Visit) गरेको गर्भवती महिलाको प्रतिशत | ०.६ | पूर्व प्रसूति जाँच गरेका गर्भवती महिलाको प्रतिशतमा वार्षिक लक्ष्यको तुलनामा भएको प्रगति खुल्ने एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (IHIMS) प्रतिवेदनको पानाको छायाँ प्रति |
| | | | ख. सुत्केरी महिलाले स्वास्थ्य प्रोटोकल अनुसार उत्तर प्रसूति जाँच (PNC Visit) गरेको प्रतिशत | ०.४ | उत्तर प्रसूति जाँच गरेका सुत्केरी महिलाको प्रतिशत खुल्ने एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (IHIMS) प्रतिवेदनको सम्बन्धित खण्डको छायाँप्रति |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| २. सामाजिक विकास | | २.३.३. मातृ तथा किशोरी स्वास्थ्य | क. स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाको प्रतिशत | ०.६ | क. स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाको प्रतिशत खुल्ने एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (IHIMS) प्रतिवेदनको पानाको छायाँप्रति<br>ख. कुल जन्म दर्ताको तुलनामा स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाको प्रतिशत खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |
| | | | ख. तोकिए बमोजिम (२६ हप्तासम्म) आइरन फोलिक एसिड चक्की पाएका किशोरीको प्रतिशत | ०.४ | २६ हप्तासम्म आइरन फोलिक एसिड चक्की पाएका किशोरीको प्रतिशत खुल्ने एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (IHIMS) प्रतिवेदनको पानाको छायाँप्रति |
| | | २.३.४. बाल स्वास्थ्य | क. पूर्ण खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत | ०.६ | पूर्ण खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत खुल्ने एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (IHIMS) प्रतिवेदनको पानाको छायाँ प्रति |
| | | | ख. पाँच वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | ०.४ | ५ वर्ष मुनिको बाल मृत्युदर खुल्ने सम्बन्धित स्वास्थ्य शाखाको प्रतिवेदनको पानाको छायाँप्रति |
| | | २.३.५. पोषण सेवा | क. गाउँपालिका/नगरपालिका भित्र अति शीघ्र कुपोषण (Severe Acute Malnutrition: SAM) र मध्यम शीघ्र कुपोषण (Moderate Acute Malnutrition: MAM) भई OTC/ITC/NRC मा भर्ना भएकामध्ये निको हुने बालबालिकाको प्रतिशत | ०.६ | OTC/ITC/NRC मा भर्ना भएका मध्ये निको हुने बालबालिकाको प्रतिशत खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |
| | | | ख. वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये कम तौल भएका बालबालिकाको प्रतिशत | ०.४ | दर्ता भएका मध्ये कम तौल भएका बालबालिकाको प्रतिशत खुल्ने एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (IHIMS) प्रतिवेदनको पानाको छायाँप्रति |
| | २.४. विवाद निरुपण तथा मेलमिलाप | २.४.१. विवाद निरुपण | क. न्यायिक समितिमा दर्ता भएका विवादहरू तोकिएको अवधिभित्र निरूपण (कारवाही र किनारा) गरेको प्रतिशत [(स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(४)] | ०.६ | न्यायिक समितिमा दर्ता भएका र निरुपण गरिएका विवादहरुको विवरण |
| | | | ख. न्यायिक समितिको प्रतिवेदन सभामा पेश भई छलफल भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३ (२) | ०.४ | न्यायिक समितिको प्रतिवेदन उपर सभामा छलफल भएको बैठकको कार्यसूची र निर्णयको प्रति |
| | | २.४.२. मेलमिलाप | क. मेलमिलापको माध्यमबाट मात्र निरुपण गर्नुपर्ने विवादहरुमध्ये मेलमिलाप मार्फत निरुपण गरिएका विवादको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (२) | ०.६ | मेलमिलापको माध्यमबाट मात्र निरुपण गर्नुपर्ने विवाद् र सोही अनुसार निरुपण गरिएका विवादको विवरण खुल्ने वर्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति वा सो खुलाइएको विवरण |
| | | | ख. प्रत्येक वडामा कम्तिमा एउटा मेलमिलाप केन्द्र गठन भई सञ्चालनमा रहेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ (१०) | ०.४ | प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्र र मेलमिलापकर्ताको संख्या खुल्ने विवरण |
| | | २.५.१. लैङ्गिक समानता र | क. आयोजना /कार्यक्रमको लैङ्गिक उत्तरदायी बजेट कोडिङ (GRB Coding) भएको | ०.६ | लैङ्गिक उत्तरदायी बजेट कोडिङ देखिने वार्षिक बजेट तथा कार्यक्रमको कुनै एक पानाको छायाँप्रति |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| | | समावेशीकरण | ख. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) परीक्षण गरी प्रतिवेदन सार्वजनिक गरेको [स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (३)] | ०.४ | लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) परीक्षण प्रतिवेदन |
| | | २.५.२. बाल संरक्षण | क. स्थानीय बालअधिकार समिति गठन तथा बालकल्याण अधिकारीको व्यवस्था भएको (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० र ६१) | ०.६ | क. स्थानीय बालअधिकार समिति गठनको निर्णय<br>ख. बाल कल्याण अधिकारी नियुक्त गरिएको वा जिम्मेवारी तोकिएको पत्र |
| | | | ख. स्वीकृत बालसंरक्षण मापदण्ड विद्यालय, सार्वजनिक निकाय, निजी क्षेत्र र सामाजिक संस्थामा लागू भएको (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ र ५७ ) | ०.४ | क. स्वीकृत बालसंरक्षण मापदण्डको प्रति<br>ख. बालसंरक्षण मापदण्ड लागू भएका विद्यालय, सार्वजनिक निकाय, निजी क्षेत्र र सामाजिक संस्थाको विवरण |
| | | २.५.३. बाल सहभागिता | क. स्थानीय तहको योजना तर्जुमा प्रकृयामा स्थानीय बाल क्लव सञ्जालको सहभागिता भएको [स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (५)] | ०.६ | बस्तीस्तरको योजना तर्जुमा भेलामा बाल क्लव सञ्जालका प्रतिनिधिलाई आमन्त्रण गरीएको पत्र र उपस्थितिको प्रति |
| | | | ख. बाल पोषण भत्ताको उपयोग सम्बन्धमा अभिभावकलाई अभिमुखीकरण गरेको (सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९) | ०.४ | अभिमुखीकरण कार्यक्रम र अभिमुखीकरणमा सहभागी अभिभावकको संख्यात्मक विवरणको प्रति |
| | | २.५.४. युवा परिचालन | क. विकास व्यवस्थापन, विपद् व्यवस्थापन र सेवा प्रवाहमा आफैं वा शैक्षिक संस्था/व्यावसायिक प्रतिष्ठान/गैर सरकारी संस्थामार्फत् युवा स्वयंसेवा परिचालन गरेको | ०.६ | क. युवा स्वयंसेवा परिचालनको लागि संस्थासँग गरेको सम्झौताको छायाँ प्रति<br>ख. वार्षिक प्रगति प्रतिवेदनमा युवा स्वयंसेवा परिचालनको प्रगति उल्लेख भएको पानाको छायाँप्रति |
| | २.५. सामाजिक समावेशीकरण र संरक्षण | | ख. युवा लक्षित सीप विकास तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको | ०.४ | वार्षिक प्रगति प्रतिवेदनमा युवा लक्षित सीप विकास तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रमको प्रगति उल्लेख भएको पानाको छायाँप्रति |
| | | २.५.५. ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको संरक्षण | क. ज्येष्ठ नागरिकको जीवनयापनमा सहजीकरणको लागि लक्षित कार्यक्रम सञ्चालन गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४) | ०.६ | वार्षिक प्रगति प्रतिवेदनमा ज्येष्ठ नागरिकको जीवनयापनमा सहजीकरणका लागि सञ्चालित कार्यक्रमको प्रगति उल्लेख भएको पानाको छायाँ प्रति |
| | | | ख. अपाङ्गता भएका व्यक्तिको जीवनयापन सहजीकरणको लागि कार्यक्रम सञ्चालन गरेको (अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा २९) | ०.४ | वार्षिक प्रगति प्रतिवेदनमा अपाङ्गता भएका व्यक्तिको जीवनयापनमा सहजीकरणका लागि सञ्चालित कार्यक्रमको प्रगति उल्लेख भएको पानाको छायाँ प्रति |
| | | २.५.६. भाषा, संस्कृतिको संरक्षण र प्रवर्द्धन | क. स्थानीय कला, भाषा, संस्कृति, परम्परागत ज्ञान, सीप र प्रविधि तथा पुरातात्विक सम्पदाको विवरण अद्यावधिक गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११) | ०.६ | स्थानीय कला, भाषा, संस्कृति, पुरातात्विक सम्पदाको अद्यावधिक अभिलेखको विवरण |
| | | | ख. स्थानीय कला, भाषा, संस्कृति, पुरातात्विक सम्पदाको संरक्षण तथा प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११) | ०.४ | वार्षिक प्रगति प्रतिवेदनमा स्थानीय कला, भाषा, संस्कृति, पुरातात्विक सम्पदाको संरक्षण तथा प्रवर्द्धन कार्यक्रमको प्रगति उल्लेख भएको पानाको छायाँप्रति |
| | | २.५.७. मानव अधिकार | क. मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरेको (मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना) | ०.६ | वार्षिक प्रगति प्रतिवेदनमा मानव अधिकार प्रवर्द्धन कार्यक्रमको प्रगति उल्लेख भएको पानाको छायाँ प्रति |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| | | | ख. मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको प्रगति आवधिक रुपमा प्रतिवेदन गरेको | ०.४ | मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको सम्बन्धमा पेश गरिएको प्रगति प्रतिवेदन |
| | | २.५.८. गैर सरकारी संस्था परिचालन | क. स्थानीय तहमा कार्यरत गैर सरकारी संस्थाको वार्षिक कार्यक्रम स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५) | ०.६ | क. स्थानीय तहमा क्रियाशील गैर सरकारी संस्थाहरुको विवरण<br>ख. गैर सरकारी संस्थाका कार्यक्रम खुल्ने वार्षिक बजेट तथा कार्यक्रमको पानाको छायाँप्रति |
| | | | ख. गैर सरकारी संस्थाबाट सञ्चालन भएका कार्यक्रमको नियमित अनुगमन गरी प्रगति समीक्षा हुने गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५) | ०.४ | क. गैर सरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको अनुगमन प्रतिवेदन<br>ख. समीक्षा प्रतिवेदनमा गैर सरकारी संस्थाका कार्यक्रमको समीक्षा खण्डको छायाँप्रति |
| ३. आर्थिक विकास | ३.१. कृषि, पशु तथा सहकारी | ३.१.१. कृषि तथा पशुपन्छी विकास पूर्वाधार | क. कृषि /पशु पकेट क्षेत्रमा कृषि सडक, विद्युत सेवा, सिंचाई सुविधा लगायतका कृषि पूर्वाधारको पहुँच पुगेको | ०.६ | कृषि /पशु पकेट क्षेत्रमा कृषि पूर्वाधारको पहुँच पुगेको विवरण |
| | | | ख. कृषि उत्पादनको प्रवर्द्धन तथा बजारीकरणको लागि शीत भण्डारण केन्द्र /कृषि उपज सङ्कलन केन्द्र /कृषि एम्बुलेन्स /व्यवस्थित बजारको प्रबन्ध भएको | ०.४ | सञ्चालनमा रहेका शीत भण्डारण केन्द्र /कृषि उपज सङ्कलन केन्द्र /व्यवस्थित बजार केन्द्रको विवरण |
| | | ३.१.२. कृषि तथा पशुपन्छी विकास | क. कृषि तथा पशुपन्छी विकास सम्बन्धी समग्र कार्यक्रमको वार्षिक प्रगति प्रतिशत | ०.६ | वार्षिक प्रगति प्रतिवेदनमा कृषि तथा पशु विकास क्षेत्रका समग्र आयोजना /कार्यक्रमको लक्ष्य र प्रगति उल्लेख भएको पानाको छायाँप्रति |
| | | | ख. कृषि तथा पशुसेवाको सहज पहुँच सुनिश्चित हुनेगरी कृषि /पशु प्राविधिकको व्यवस्था गरेको | ०.४ | वडागत जिम्मेवारीमा खटाइएका कृषि /पशु प्राविधिकको जिम्मेवारी तोकिएको पत्रको छायाँप्रति |
| | | ३.१.३. कृषि तथा पशुपन्छी विकास अनुदान | क. युवालाई कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको व्यवसायमा आकर्षित गर्न शुरुवाती लगानी (Start up funding) वा बीउ पूँजी (Seed Money) वा सुलभ कर्जा तथा कर्जा सुरक्षणको प्रबन्ध मिलाएको (औद्योगिक व्यवसाय ऐन, २०७६ को परिच्छेद ५) | ०.६ | क. स्थानीय कानून बमोजिम स्थानीय तहबाटै वा स्थानीय तहको सहजीकरणमा अन्य क्षेत्रबाट शुरुवाती लगानी वा बीउ पूँजी प्राप्त गर्ने लाभग्राहीको विवरण<br>ख. स्थानीय तह र वित्तीय संस्था वा निक्षेप तथा कर्जा सुरक्षण कोषबीच भएको सम्झौता बमोजिम सुलभ कर्जा तथा कर्जा सुरक्षण सुविधा प्राप्त गर्ने लाभग्राहीको विवरण |
| | | | ख. अनुदान कार्यक्रमलाई गाउँपालिका /नगरपालिका भित्र उच्च उत्पादनका सम्भावना भएका क्षेत्रका उत्पादनमा आधारित बनाएको | ०.४ | क. गाउँपालिका /नगरपालिका भित्र उच्च उत्पादनका सम्भावना भएका क्षेत्रका उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि<br>ख. अनुदान प्राप्त गर्ने लाभग्राहीको उत्पादन र अनुदानको रकम खुलाइएको विवरण |
| | | ३.१.४. कृषिमा नवप्रवर्तन | क. कृषिमा नवप्रवर्तन /यान्त्रीकरणमार्फत् उत्पादकत्व वृद्धिको लागि कृषकको सीप, क्षमता विकास तालिम सञ्चालन भएको | ०.६ | सञ्चालन भएका तालिमको विषय, संख्या, समयावधि र सहभागी संख्या खुलाइएको विवरण |
| | | | ख. कृषि नवप्रवर्तन /यान्त्रीकरणका लागि नयाँ प्रविधि /उपकरण खरिद र सञ्चालनलाई प्रोत्साहित गर्न लागत साझेदारी गरेको | ०.४ | कृषि प्रविधि /उपकरण खरिद र सञ्चालनमा भएको लागत साझेदारीको विवरण |
| | | ३.१.५. रैथाने प्रजाति प्रवर्द्धन | क. रैथाने बीउ/बालीको संरक्षण तथा प्रवर्द्धन गरेको | ०.६ | रैथाने बीउ/बालीको संरक्षण तथा प्रवर्द्धन कार्यक्रम र सोको प्रगति देखिने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| | | | ख. विद्यालय दिवा खाजामा स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुपन्छीजन्य खाद्यवस्तु प्रयोग गरेका विद्यालयको प्रतिशत | ०.४ | क. कुल सामुदायिक विद्यालय संख्या र ती मध्ये दिवा खाजामा स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुपन्छीजन्य खाद्यवस्तु प्रयोग गर्ने विद्यालयको विवरण<br>ख. कुनै एक विद्यालयको दिवा खाजाको साप्ताहिक सूची |
| | | ३.१.६. कृषि तथा पशु बीमा र बजारीकरण | क. कृषकको लगानीमा हुनसक्ने हानीनोक्सानीको क्षतिपूर्तिको लागि आफैंले मात्र वा संघ संस्थासँगको साझेदारीमा कृषि तथा पशु बीमा कार्यक्रम सञ्चालन गरेको | ०.६ | क. कृषि तथा पशु बीमा कार्यक्रम सञ्चालन कार्यविधि/मापदण्ड/साझेदार संस्थासँग भएको सम्झौताको प्रति<br>ख. कृषि तथा पशु बीमा भएका लाभग्राहीको विवरण |
| | | | ख. कृषि /पशुजन्य उत्पादनको उचित मूल्यसहित बिक्री वितरणका लागि उत्पादक, वितरक र उपभोक्ताबीचको अन्तर-आवद्धता कायम गर्ने कार्यक्रम सञ्चालन भएको | ०.४ | कार्यक्रमको संक्षिप्त परिचय र प्रगति विवरणको प्रति |
| | | ३.१.७. कृषि तथा पशुजन्य रोग नियन्त्रण | क. मल, बीउ र किटनाशक औषधीको उपलब्धताको सुनिश्चितता सहित एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) लगायतका कार्यक्रम कार्यान्वयन गरेको | ०.६ | क. मल, बीउ र किटनाशक औषधीको वार्षिक माग र वितरण भएको परिमाणको विवरण<br>ख. कृषिबाली तथा पशुपन्छी संरक्षण कार्यक्रमको वार्षिक लक्ष्यसहितको प्रगति उल्लेख भएको वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |
| | | | ख. पशुजन्य महामारी नियन्त्रणका लागि तोकिएका खोप लगायत आवश्यक उपचारको प्रबन्ध भएको | ०.४ | महामारी नियन्त्रणका लागि खोप तथा उपचार सेवा उपलब्ध गराएको विवरण |
| | | ३.१.८. सहकारी व्यवस्थापन | क. सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPO-MIS) मा तोकिए बमोजिमका विवरण अद्यावधिक गरेको (सहकारी नियमावली, २०७५ को नियम ७२) | ०.६ | सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPO-MIS) बाट सिर्जित प्रतिवेदनमा अद्यावधिक विवरण खुल्ने पानाको छायाँप्रति वा प्रणालीको सम्बन्धित पेजको स्क्रीनशट |
| | | | ख. सहकारी संस्थाको नियमित रुपमा अनुगमन तथा नियमन हुने गरेको (सहकारी नियमावली, २०७५ को नियम ७२) | ०.४ | सहकारी संस्थाको विवरण र अनुगमनको एकिकृत प्रतिवेदन |
| | ३.२. भूमि तथा सिंचाइ | ३.२.१. भूउपयोग तथा खाद्य सुरक्षा | क. बाँझो जमिन उपयोग सम्बन्धी नीति निर्माण गरी प्रोत्साहन कार्यक्रम सञ्चालन भएको | ०.६ | क. बाँझो जमिन उपयोगसम्बन्धी नीति/रणनीति/कार्ययोजनाको प्रति<br>ख. सञ्चालित कार्यक्रम र सोको प्रगति देखिने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति<br>ग. बाँझो जमिन नरहेको भए गाउँपालिका /नगरपालिकाभित्र रहेको कृषियोग्य जमिन र |
| | | | ख. खाद्य सुरक्षा सुनिश्चितताको लागि खाद्य पहुँच अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको | ०.४ | क. खाद्य असुरक्षा भएका बस्ती /टोल /घरपरिवारको विवरण<br>ख. सम्बन्धित निकायसँगको समन्वयमा सञ्चालित कार्यक्रमको प्रगति उल्लेख भएको वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति<br>ग. खाद्य असुरक्षा नरहेको भए कार्यपालिकाबाट सो सम्बन्धमा भएको निर्णयको प्रति |
| | | ३.२.२. सिँचाइ सुविधा | क. खेतीयोग्य भूमिमा नहर तथा कुलो, भुमिगत सिँचाइ, साना सिँचाइ, थोपा सिँचाइ लगायतका सिँचाइ सुविधा प्रवर्द्धन गर्ने आयोजना/कार्यक्रमको प्रगति प्रतिशत | ०.६ | सिँचाइ सुविधा प्रवर्द्धन आयोजना/कार्यक्रमको लक्ष्यको तुलनामा प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| | | | ख. खेतीयोग्य जमिन मध्ये सिँचाइ सुविधा पुगेको जमिनको प्रतिशत | | गाउँपालिका /नगरपालिकाभित्र रहेको खेतीयोग्य जमिन र सिँचाइ सुविधा पुगेको जमिनको क्षेत्रफल खुल्ने विवरणको प्रति |
| | ३.३. स्थानीय आर्थिक विकास | ३.३.१. स्थानीय आर्थिक वृद्धिका लागि पहल | क. स्थानीय आर्थिक विकासका सम्भावनाका क्षेत्रहरू पहिचान गरी प्राथमिकीकरण गरेको | ०.६ | स्थानीय आर्थिक विकासका क्षेत्र पहिचान र प्राथमिकीकरण गरिएको निर्णय वा त्यस्ता क्षेत्र उल्लेख भएको नीतिगत दस्तावेजको सम्बन्धित पानाको छायाँप्रति |
| | | | ख. उत्पादन र रोजगारी प्रवर्द्धनका लागि निजी क्षेत्रसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरेको | ०.४ | क. साझेदार संस्थासँग भएको सम्झौताको प्रति<br>ख. साझेदारीमा सञ्चालित कार्यक्रमको विवरण |
| | | ३.३.२. व्यवसाय दर्ता र सञ्चालन | क. स्थानीय तहमा दर्ता भएका व्यवसायमध्ये वार्षिक रुपमा नवीकरण भएका व्यवसायको प्रतिशत (औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६१) | ०.६ | व्यवसाय दर्ता र नविकरणको अभिलेखको प्रति |
| | | | ख. स्थानीय तहमा सञ्चालित लघु, घरेलु तथा साना उद्यम व्यसायलाई प्रवर्द्धन गर्न प्रोत्साहनको व्यवस्था गरेको | ०.४ | प्रोत्साहन प्राप्त गर्ने उद्यमी व्यवसायीको विवरण |
| | | ३.३.३. आर्थिक विकास सम्बन्धमा सरोकारवालासँग छलफल | क. स्थानीय उद्यम विकास समिति नियमित रूपमा बैठक सम्पन्न गरेको (गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५२) | ०.६ | तोकिए बमोजिम समिति गठन भएको निर्णय र समितिको बैठकमा उपस्थिति सहितको निर्णयको प्रति |
| | | | ख. स्थानीय उत्पादनको बजारीकरणको लागि साझा सुविधा केन्द्र, उद्यम घर, कोशेली घर वा बिक्री केन्द्र सञ्चालनमा रहेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (११) | ०.४ | सञ्चालित साझा सुविधा केन्द्र, उद्यम घर, कोशेली घर वा बिक्री केन्द्र र बिक्री, वितरण गरिएका स्थानीय उत्पादनको विवरण |
| | | ३.३.४. पर्यटन पवर्द्धन | क. सम्भाव्य पर्यटकीय क्षेत्रको संरक्षण तथा प्रवर्द्धन र पूर्वाधार विकासमा लगानी गरेको | ०.६ | पर्यटकीय स्थलको संरक्षण तथा प्रवर्द्धन वा पर्यटकीय पूर्वाधार निर्माण कार्यक्रमको प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति (पर्यटनको कुनै सम्भावना नभएको भए सो सम्बन्धमा कार्यपालिकाबाट भएको निर्णयको प्रति) |
| | | | ख. सम्भाव्य क्षेत्रका पर्यटन व्यवसायको प्रोत्साहन तथा प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरेको | ०.४ | पर्यटन व्यवसायमा संलग्न व्यक्ति /संस्थाको व्यवसायिकता विकासको लागि सञ्चालन भएका कार्यक्रमको विवरण (पर्यटनको कुनै सम्भावना नभएको भए सो सम्बन्धमा कार्यपालिकाबाट भएको निर्णयको प्रति) |
| | | ३.३.५. वित्तीय साक्षरता | क. वित्तीय साक्षरता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरेको | ०.६ | क. वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रमको प्रगति देखिने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति<br>ख. बैंक तथा वित्तीय संस्था वा निकायसँग सहकार्य गरेको भए सम्झौताको छायाँप्रति |
| | | | ख. बैंकमा कम्तिमा एउटा खाता भएका घरधुरीको प्रतिशत | ०.४ | बैंक खाता भएका घरधुरीको प्रतिशत खुलेको विवरण |
| | ३.४. उद्यमशीता र रोजगारी | ३.४.१. श्रमबजार सूचना व्यवस्थापन | क. रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचिकृत बेरोजगार व्यक्तिको शिक्षा, ज्ञान, सीप, अनुभव सहितको विवरण अद्यावधिक राखेको (रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को परिच्छेद- ३) | ०.६ | रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचिकृत बेरोजगार व्यक्तिको शिक्षा, ज्ञान, सीप, अनुभवको अद्यावधिक विवरण खुल्ने प्रणालीले सिर्जना गरेको प्रतिवेदनको प्रति |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| | | | ख. वैदेशिक रोजगारीबाट फर्केकाहरुको योग्यता, सीप, अनुभव उद्यम तथा व्यवसायमा संलग्नता सहितको विवरण अद्यावधिक गरेको | ०.४ | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको योग्यता, सीप, अनुभव, उद्यम तथा व्यवसायमा संलग्नता खुल्ने विवरण |
| | | ३.४.२. सीपमूलक तालिम र रोजगार प्रवर्द्धन | क. उद्यमशीलता तथा सीप विकास तालिम प्राप्त गरेका व्यक्तिमध्ये रोजगारी तथा स्वरोजगारीमा संलग्न रहेका व्यक्तिको प्रतिशत | ०.६ | तालिम प्राप्त गरेका र सो मध्ये रोजगारी वा स्वरोजगारीमा संलग्न व्यक्तिको विवरण |
| | | | ख. रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत बेरोजगार व्यक्तिमध्ये सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रमा न्यूनतम रोजगारी प्राप्त गरेका व्यक्तिको प्रतिशत (रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १०) | ०.४ | रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृतमध्ये रोजगारी प्राप्त गरेका व्यक्तिहरुको संख्या खुल्ने प्रणालीद्वारा सिर्जित विवरणको प्रमाणित प्रति वा वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति |
| | | ३.४.३. उद्यमशीलता र दीगो व्यवसाय विकास | क. नवप्रवर्तन वा स्थानीय कच्चा पदार्थमा आधारित उद्यम सञ्चालन गर्ने नयाँ उद्यमीलाई प्राथमिकतामा राखी शुरुवाती पूँजी (Start Up Capital) वा वित्तीय संस्थासँगको साझेदारीमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराएको | ०.६ | क. शुरुवाती पूँजी उपलब्ध गराइएका उद्यमीहरुको संख्या र पूँजी रकम खुल्ने विवरण<br>ख. वित्तीय संस्थासँग सम्झौता गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराएको भए त्यस्ता संस्था, कर्जाको प्रकृति र प्राप्त गर्ने लाभग्राहीको विवरण |
| | | | ख. लघु उद्यम, साना तथा घरेलु उद्योग वा व्यवसाय सञ्चालनको लागि अनुदान प्राप्त गरेका व्यवसायमध्ये कम्तिमा ३ वर्षसम्म निरन्तर सञ्चालनमा रहेका व्यवसायको प्रतिशत | ०.४ | अनुदान प्राप्त गरी सञ्चालन भएका व्यवसाय र तीमध्ये निरन्तर ३ वर्ष वा सोभन्दा बढी अवधि सञ्चालन भएका व्यवसायको विवरण |
| | | ३.४.४. स्थानीय उत्पादन प्रवर्द्धन | क. एक गाउँ/वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरेको | ०.६ | एक गाउँ/वडा एक उत्पादन कार्यक्रम अन्तर्गत उत्पादित वस्तुको वडागत विवरण |
| | | | ख. परम्परागत स्थानीय विशिष्ट उत्पादन (Niche Product) को प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गरेको | ०.४ | परम्परागत स्थानीय विशिष्ट उत्पादन (Niche Product) प्रवर्द्धनका लागि सञ्चालित कार्यक्रमको प्रगति उल्लेख भएको वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |
| | | ३.४.५. स्थानीय उत्पादनको बजारीकरण | क. मूल्याङ्कन वर्षमा कम्तिमा एउटा स्थानीय प्रमुख व्यावसायिक उत्पादनको सार्वजनिक/निजी/सहकारी क्षेत्रसँगको साझेदारीमा ग्रेडिङ, प्याकेजिङ/लेबलिङ/ब्राण्डिङ गरेको | ०.६ | ग्रेडिङ, प्याकेजिङ/लेबलिङ/ब्राण्डिङ भएका स्थानीय वस्तुको तस्विरसहितको विवरण |
| | | | ख. स्थानीय उत्पादकलाई बजार आपूर्ति प्रणाली (Market supply chain) सँग आवद्ध गरी बजारमाथिको पहुँच (Market access) कायम गरिएको | ०.४ | स्थानीय उत्पादनलाई बजार आपूर्ति श्रृङ्खलासँग आवद्ध गरी बजारमाथिको पहुँच कायम गर्न गरिएका कार्यहरुको केही तस्विर सहितको विवरण (कच्चा पदार्थका रुपमा उद्योगहरुसँगको सम्पर्क /सम्बन्ध, संकलन तथा भण्डारण, सहकारीकरण, ढुवानी साधन, कोशेली घर, लगायतका कार्य) |
| | ४.१. स्थानीय सडक | ४.१.१. सडक मापदण्ड | क. निर्धारित मापदण्ड बमोजिम स्थानीय सडकको दायाँ बायाँको अधिकार क्षेत्र (Right of Way) को सीमा तोकी लागू भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५) | ०.६ | क. स्वीकृत सडक अधिकार क्षेत्र (Right of Way) को सीमा तोकिएको कागजातको छायाँ प्रति<br>ख. सडक अधिकार क्षेत्रको मापदण्ड कार्यान्वयन प्रगतिको विवरण |
| | | | ख. स्थानीय स्तरमा निर्माण भएका/हुने सडकमा मापदण्ड बमोजिमको पानीको निकास, बायोइञ्जिनियरिङ, सडकपेटी समेतको प्रबन्ध गरेको | ०.४ | मूल्याङ्कन वर्षमा निर्माण भएका कूल सडकको संख्या र तीमध्ये पानीको निकास, बायोइञ्जिनियरिङ, सडकपेटीको प्रबन्ध समेत भएका सडक आयोजनाको विवरण |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| ४. पूर्वाधार | | ४.१.२. सडक निर्माण तथा मर्मतसम्भार | क. वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका आयोजना मध्ये सडक गुरु योजना वा गाउँपालिका/नगरपालिकाले प्राथमिकीकरण गरेका सडक आयोजनाको प्रतिशत | ०.६ | क. स्वीकृत सडक गुरुयोजनाको Spatial Based GIS नक्सा वा प्राथमिकता निर्धारण भएको विवरण<br>ख. वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका सडक गुरु योजना वा गाउँपालिका /नगरपालिकाले प्राथमिकीकरण गरेका सडक आयोजनाको प्रतिशत खुल्ने विवरण |
| | | | ख. सडक निर्माण तथा मर्मत सम्भार सम्बन्धी आयोजना /कार्यक्रमको वार्षिक लक्ष्यको तुलनामा हासिल भएको प्रगति प्रतिशत | ०.४ | सडक निर्माण तथा मर्मतसम्भार आयोजना प्रगति उल्लेख गरिएको वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |
| | | ४.१.३. सडक पहुँच | क. गाउँ/नगरपालिका केन्द्र, सबै वडा केन्द्र, स्वास्थ्य सेवा केन्द्रसम्म बार्है महिना सञ्चालन हुने गरी सडक पहुँच पुगेको | ०.६ | सडक पहुँच सम्बन्धी विवरण खुलेको प्रोफाइलको प्रति |
| | | | ख. बढीमा ३० मिनेटको दुरीमा सार्वजनिक यातायातको पहुँच भएका घरधुरीको प्रतिशत | ०.४ | बढीमा ३० मिनेटको दुरीमा सार्वजनिक यातायातको पहुँच भएका घरधुरीको प्रतिशत खुल्ने विवरण |
| | ४.२. भवन तथा अन्य सामाजिक पूर्वाधार | ४.२.१. भवन निर्माण मापदण्ड | क. नेपाल सरकारबाट स्वीकृत शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड बमोजिम नक्सा पास गरी निर्माण भएका भवनको प्रतिशत (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ र ४४) | ०.६ | मूल्याङ्कन भएको आ.व. मा निर्माण भएका भवनमध्ये निर्धारित मापदण्ड बमोजिम नक्सा पास भई निर्माण सम्पन्न भएका भवनको प्रतिशत खुल्ने विवरण |
| | | | ख. राष्ट्रिय भवन संहिता (वा सो बमोजिमको स्थानीय मापदण्ड) को पालना भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३) | ०.४ | मूल्याङ्कन वर्षमा निर्मित भवनहरुमध्ये भवन संहिता पालना गर्ने भवनहरुको संख्या खुल्ने विवरण |
| | | ४.२.२. कार्यालय भवन र सो सम्वद्ध अन्य पूर्वाधार | क. आफ्नै भवनमा कार्यसञ्चालन भएका कार्यपालिका र वडा कार्यालयको प्रतिशत | ०.६ | आफ्नै भवनमा कार्यसञ्चालन भएका कार्यपालिका र वडा कार्यालयको प्रतिशत खुल्ने विवरण |
| | | | ख. विद्यालय, स्वास्थ्य संस्था एवम् सेवा केन्द्रहरू सञ्चालनको लागि आवश्यक भवन तथा अन्य पूर्वाधार निर्माण तथा नियमित मर्मत सम्भार गर्ने गरेको | ०.४ | विद्यालय, स्वास्थ्य संस्था एवं सेवा केन्द्रहरू सञ्चालनको लागि आवश्यक भवन तथा अन्य पूर्वाधार निर्माण एवं मर्मत सम्भारमा विनियोजित बजेट कार्यान्वयनको प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |
| | | ४.२.३. शैक्षिक पूर्वाधार | क. स्वीकृत मापदण्ड बमोजिम सुरक्षित र बालमैत्री भवन तथा कक्षा कोठाको व्यवस्था भएका विद्यालयको प्रतिशत | ०.६ | कूल सामुदायिक तथा संस्थागत विद्यालयको संख्या र तीमध्ये सुरक्षित र बालमैत्री भवन तथा कक्षाकोठा भएका विद्यालयको प्रतिशत खुल्ने विवरण |
| | | | ख. इन्टरनेटको पहुँच पुगेको विद्यालयको प्रतिशत | ०.४ | कूल सामुदायिक तथा संस्थागत विद्यालयको संख्या र तीमध्ये इन्टरनेटको पहुँच पुगेका विद्यालयको प्रतिशत खुल्ने विवरण |
| | | ४.२.४. उर्जा तथा सूचना प्रविधि पूर्वाधार | क. विद्युत (राष्ट्रिय प्रशारण लाईन, लघु जलविद्युत, वैकल्पिक उर्जा आदि) र इन्टरनेट पहुँच पुगेका सार्वजनिक संस्थाको प्रतिशत | ०.६ | कूल सार्वजनिक संस्थाको संख्या र तीमध्ये विद्युत र इन्टरनेट पहुँच पुगेका सार्वजनिक संस्थाको प्रतिशत खुल्ने विवरण |
| | | | ख. इन्टरनेट पहुँच पुगेका कार्यपालिका/वडा कार्यालय /स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालय मध्ये विद्युतीय हाजिरी कार्यान्वयन ल्याएका निकायको प्रतिशत | ०.४ | क. कूल निकाय मध्ये विद्युतीय हाजिरी कार्यान्वयनमा ल्याएका निकायको विवरण<br>ख. मूल्याङ्कन वर्षको अन्तिम महिनाको विद्युतीय हाजिरीको एकिकृत प्रतिवेदन |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| | | ४.२.५. खानेपानी पूर्वाधार | क. खानेपानी निर्माण तथा मर्मत सम्भार सम्बन्धी आयोजना /कार्यक्रमको प्रगति प्रतिशत | ०.६ | खानेपानी निर्माण तथा मर्मत सम्भार सम्बन्धी आयोजना /कार्यक्रमको प्रगति प्रतिशत उल्लेख भएको वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति |
| | | | ख. खानेपानीको उपयोग भएका मध्ये वार्षिक रुपमा गुणस्तर परीक्षण गरिएका स्रोत /मुहानको प्रतिशत | ०.४ | खानेपानीका स्रोत /मुहानको कूल संख्या र तीमध्ये गुणस्तर परीक्षण भएका स्रोत /मुहानको विवरण |
| | ४.३. पूर्वाधारको उपयोगिता र दिगोपना | ४.३.१. पूर्वाधारको उपयोगिता | क. निर्माण सम्पन्न भएकामध्ये उपयोगमा आएका पूर्वाधार आयोजनाको प्रतिशत | ०.६ | निर्माण सम्पन्न भएका र उपयोगमा आएका पूर्वाधार आयोजनाको तुलनात्मक विवरण |
| | | | ख. मूल्याङ्कन वर्षमा स्थानीय तहमा निर्माण सम्पन्न भएका पूर्वाधारहरु मध्ये बालमैत्री तथा अपाङ्गतामैत्री मापदण्ड पालना भएका पूर्वाधारको प्रतिशत | ०.४ | मूल्याङ्कन वर्षमा निर्माण सम्पन्न भएका पूर्वाधार र तीमध्ये बालमैत्री तथा अपाङ्गतामैत्री मापदण्ड पालना भएका पूर्वाधारको विवरण |
| | | ४.३.२. पूर्वाधारको दीगोपना | क. निर्माण सम्पन्न भई सञ्चालनमा आएका पूर्वाधार आयोजना मध्ये नियमित मर्मत सम्भार भएका आयोजनाको प्रतिशत | ०.६ | वार्षिक प्रगति प्रतिवेदनमा पूर्वाधार मर्मत सम्भारको प्रगति खुल्ने खण्डको छायाँप्रति वा मूल्याङ्कन वर्षमा मर्मत सम्भार गरिएका पूर्वाधारको विवरण |
| | | | ख. निर्मित पूर्वाधार दीगो उपयोगको लागि लाभग्राही सहितको पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति गठन भई क्रियाशील रहेको | ०.४ | स्थानीय पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समितिको बैठकको उपस्थिति र निर्णयको छायाँ प्रति |
| | ५.१. वातावरण संरक्षण | ५.१.१. भूउपयोग मापदण्ड | क. जोखिम संवेदनशील भू-उपयोग योजना /मापदण्ड स्वीकृत भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ (२) | ०.६ | स्थानीय भैगोलिक सूचना प्रणालीमा आधारित नक्सांकन (Spatial based GIS mapping) सहितको स्वीकृत भूउपयोग योजना/मापदण्डको प्रति |
| | | | ख. गाउँपालिका /नगरपालिकाको स्वीकृतिमा तोकिएको मापदण्ड बमोजिम मात्र जग्गाको प्लटिङ वा खण्डीकरण गर्ने गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ (३) | ०.४ | क. गाउँपालिका/नगरपालिकाको जग्गा प्लटिङ् वा खण्डीकरण सम्बन्धी स्वीकृत मापदण्ड<br>ख. जग्गा प्लटिङ वा खण्डीकरणमा मापदण्ड पालना भए नभएको अनुगमन प्रतिवेदन (जग्गा प्लटिङ वा खण्डीकरणको सम्भावना नरहेको भए सो सम्बन्धमा कार्यपालिकाबाट भएको निर्णयको प्रति) |
| | | ५.१.२. जैविक विविधता संरक्षण | क. हरियाली पार्क, खुला क्षेत्र, ताल तलैया, पोखरी लगायतका पानीका स्रोतहरू र सिमसार क्षेत्रको संरक्षण तथा दीगो उपयोग सम्बन्धी कार्यक्रम कार्यान्वयन गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११) | ०.६ | क. गाउँपालिका/नगरपालिकाभित्र रहेका हरियाली पार्क, खुला क्षेत्र, ताल तलैया, पोखरी लगायतका पानीका स्रोतहरू र सिमसार क्षेत्रको अवस्था जनाउने प्रोफाइल वा संक्षिप्त विवरणको प्रति.<br>ख. उल्लिखित पानीका स्रोतहरु र सिमसार क्षेत्रको संरक्षण तथा दीगो उपयोग सम्बन्धी कार्यक्रम र सोको प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |
| | | | ख. जैविक विविधता, वातावरण संरक्षण, प्राकृतिक सम्पदाको संरक्षण तथा उपयोग लगायतका क्षेत्रमा सामाजिक संघ संस्था, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य समेत गरी कार्यक्रम सञ्चालन गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) | ०.४ | जैविक विविधता, वातावरण संरक्षण, प्राकृतिक सम्पदाको संरक्षण तथा उपयोग लगायतका क्षेत्रमा आफैले वा अन्य क्षेत्रसँगको समन्वय र सहकार्यमा सञ्चालन गरेका कार्यक्रम र तिनको प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँ प्रति |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्ट्याईंको आधार |
|---|---|---|---|---|---|
| ५. वन तथा वातावरण | | ५.१.३. वातावरणीय कानूनको पालना | क. तोकिए बमोजिम आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरेको (वातावरण संरक्षण ऐन, २०७६ र ऐ. नियमावली, २०७७) | ०.६ | मूल्याङ्कन वर्षमा कार्यान्वयनमा आएका पूर्वाधारका आयोजना संख्या र तीमध्ये BES, IEE र EIA गरेका आयोजनाको विवरण |
| | | | ख. ढुङ्गा गिट्टी, वालुवा, माटो तथा खानीको उत्खनन, संकलन, उपयोग, विक्री तथा व्यस्थापन सम्बन्धी सङ्घीय एवम् प्रदेश कानूनको पालना भएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९) | ०.४ | ढुङ्गा गिट्टी, बालुवा, माटो तथा खानी उत्खनन्, संकलन, उपयोग, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्डको पालना सम्बन्धी जिल्ला अनुगमन समितिको सिफारिस र अनुगमन समितिको अनुगमन प्रतिवेदन |
| | | ५.१.४. जलवायु अनुकूलन | क. वातावरण संरक्षण, अनुकूलन तथा स्थानीय विपद् तथा जलवायू उत्थानशीलता सम्बन्धी स्थानीय अनुकुलन कार्ययोजना तयार गरी अद्यावधिक गरिएको (वातावरण संरक्षण ऐन, २०७६ को दफा २४) | ०.६ | गाउँपालिका /नगरपालिकाको स्वीकृत स्थानीय अनुकुलन कार्ययोजनाको प्रति |
| | | | ख. जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको लागि सरकारी तथा गैर सरकारी एवं निजी क्षेत्रबीच समन्वय र सहकार्य भएको (वातावरण संरक्षण ऐन, २०७६ को दफा २४) | ०.४ | सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रसँग सहकार्यका लागि गरिएको सम्झौताको प्रति |
| | | ५.१.५. फोहरमैला व्यवस्थापन र प्रविधि | क. फोहरमैला व्यवस्थापनको लागि उपयुक्त स्थान (स्यानिटरी ल्याण्डफिल्ड साइट, प्रशोधन केन्द्र) को व्यवस्था गरेको | ०.६ | फोहरमैला व्यवस्थापनका लागि प्रयोग गर्ने स्थान तोकिएको निर्णय र तस्विर |
| | | | ख. फोहरमैला व्यवस्थापनमा उपयुक्त विधि एवं प्रविधिको प्रयोग गरेको | ०.४ | फोहरमैला व्यवस्थापनका लागि उपयुक्त विधि एवं प्रविधि प्रयोग गरेको खुल्ने तस्विर सहितको विवरण |
| | | ५.१.६. फोहरमैला व्यवस्थापनमा सहकार्य र साझेदारी | क. नागरिकका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरी फोहरको स्रोतमै वर्गीकरण गरी संकलन गरेको (फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा (६) | ०.६ | सञ्चालन गरिएका सचेतनामूलक कार्यक्रमको विवरण र फोहरको स्रोतमै वर्गीकरण गर्ने कार्यको तस्विरसहितको प्रगति विवरण |
| | | | ख. फोहरमैला व्यवस्थापनका लागि अन्य स्थानीय तह, समूदाय, गैरसरकारी संस्था तथा निजीक्षेत्रसँग सहकार्य गरी आय आर्जन समेत गरेको (फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा (१०) | ०.४ | फोहरमैला व्यवस्थापनका लागि अन्य स्थानीय तह, समूदाय, गैरसरकारी संस्था तथा निजीक्षेत्रसँग सहकार्यका गरेका कार्य र त्यस्ता कार्यबाट भएको आय आर्जन खुल्ने प्रमाण सहितको विवरण |
| | | ५.१.७. वैकल्पिक उर्जा | क. वैकल्पिक उर्जाको उपयोग गर्न प्रोत्साहित गर्ने कार्यक्रम कार्यान्वयन गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) | ०.६ | वैकल्पिक उर्जाको उपयोगलाई प्रोत्साहित गर्ने कार्यक्रम कार्यान्वयनको प्रगति उल्लेख भएको वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |
| | | | ख. कार्बन उत्सर्जन न्यूनीकरणमा सहयोग पुग्ने प्रविधि (विघुतीय चुलो, सुधारिएको चुलो वायोउर्जा लगायत) को प्रयोग गरेका घरधुरीको प्रतिशत | ०.४ | सुधारिएको चुलो वा वायोउर्जा वा विघुतीय चुलो प्रयोग गर्ने घरधुरीको प्रतिशत उल्लेख भएको वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |
| | ५.२. विपद् व्यवस्थापन | ५.२.१. विपद् व्यवस्थापन संयन्त्र | क. स्थानीय विपद् व्यवस्थापन समिति (वडा स्तरीय समिति समेत) गठन भई क्रियाशील रहेको (विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७) | ०.६ | स्थानीय विपद् व्यवस्थापन समिति (वडा स्तरीय समिति समेत) को बैठकको उपस्थिति र निर्णयको छायाँप्रति |

| विषयक्षेत्र | उपक्षेत्र | सूचक | उपसूचक | अंकभार | संलग्न गर्नुपर्ने पुष्टयाईंको आधार |
|---|---|---|---|---|---|
| | | | ख. स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना भई स्वीकृत कार्यविधि वमोजिम कोष परिचालन भएको (विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३) | ०.४ | क. स्वीकृत स्थानीय विपद् व्यवस्थापन कोष स्थापना तथा सञ्चालन कार्यविधिको प्रति<br>ख. मूल्याङ्कन वर्षको कोष सञ्चालनको वार्षिक प्रतिवेदन वा कोषको वार्षिक प्रगतिको विवरण |
| | | ५.२.२. विपद् पूर्वसूचना प्रणाली | क. स्थानीय विपद् तयारी तथा प्रतिकार्य योजना तर्जुमा भई कार्यान्वयन गरिएको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) | ०.६ | क. स्वीकृत स्थानीय विपद् तयारी तथा प्रतिकार्य योजना<br>ख. विपद् तयारी तथा प्रतिकार्य कार्यक्रमको प्रगति खुल्ने वार्षिक प्रगति प्रतिवेदनको पानाको छायाँप्रति |
| | | | ख. राष्ट्रिय विपद् पोर्टलमा विवरण अद्यावधिक गरी उक्त पोर्टलको सूचना समेतका आधारमा स्थानीय स्तरमा सूचना संप्रेषण गरेको | ०.४ | क. राष्ट्रिय विपद् पोर्टलमा अद्यावधिक भएको विवरण खुल्ने पोर्टलद्वारा सिर्जित प्रतिवेदनको कुनै एक पानाको छायाँप्रति<br>ख. राष्ट्रिय विपद् पोर्टलमा अद्यावधिक गरिएको सूचना र स्थानीय स्तरमा सम्प्रेषण गरेको खुल्ने कागजात |
| | | ५.२.३. विपद् प्रतिकार्य | क. न्यूनतम पूर्वाधार (एम्बुलेन्स, दमकल आदि) सहितको स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन भएको (विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३) | ०.६ | क. आपतकालीन कार्यसञ्चालन केन्द्र र त्यहाँ रहेका सामग्रीको अद्यावधिक विवरणको प्रति<br>ख. अन्य गाउँपालिका /नगरपालिकासँग एम्बुलेन्स तथा दमकल सञ्चालनमा सहकार्य गरिएको भए सो खुल्ने विवरण |
| | | | ख. साझेदार संस्थासँगको समन्वय र सहकार्यमा विपद् प्रतिकार्यको पूर्वाभ्यास सञ्चालन हुने गरेको (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) | ०.४ | विपद् प्रतिकार्यको पूर्वाभ्यास कार्यक्रमको प्रतिवेदन वा कार्यक्रम तथा सहभागीको संख्या र क्रियालाप खुलाइएको तस्विरसहितको विवरण |